# कृषि जर्नल

Agriculture Journal

कृषि जर्नल २०७९ असोज (krishijournal–2022, (August-Sep)



कृषि जर्नल
Agriculture Journal मासिक

काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३

वर्ष–१८, अङ्क १०० असोज २०७९









१. उत्पादन, संघर्ष र वैज्ञानिक समाजवाद मेरो लक्ष्य : अध्यक्ष प्रचण्ड ३
२. कसान संगठनहरुबाट संयुक्त रुपमा ........ ५
३. कूचो सरकारको प्राथमिकता पर्नु पर्छ ६
४.विधेयक २०७९ आएकोमा विना अवरोध मिलेर .... ७
५. पहाडमा लगाइने केही धानका जातहरु ७
६. मिटर ब्याज लगाएर समाज बिथोल्ने लघुवित्त..... ८
७. १३९ अर्व सहुलियतपूर्ण कर्जा कृषिमा ९
८. नेपाल भेटरीनरी एशोसिएसनबाट ... ९
९. केरा खेती बढाउने आवश्यक ११
१०. साना किसान विकास लघुवित्त र आरएमडीसी १२
११. मिटर ब्याजी लघुवित्त प्रति पीडितहरु आक्रोशित १३
१२. निर्वाचन आयोगलाई सुकुम्वासी संघले ..... १३
१३. फ्यानको ३० औं साधारण सभा
१४
१४. अनुगमन गर्न सरकारलाई निर्देशन १५
१५. कृषि र गैरकृषि जग्गा वर्गीकरणमा कठिनाई १५
१६. जग्गा वर्गीकरणमा समस्या १६
१७. कृषियोग्य जमीन जोगाउन सरकार अगाडि बढ्यो १७
१८. भूमिहिन सुकुम्वासी माथि अन्याय भयो : मन्त्री श्रेष्ठ १८
१९. ४२ औं विश्व खाद्य दिवसको कार्यक्रम ...... १९
२०. रोष्टरमा आउन आग्रह १९
२१. सिन्धुलीमा स्कुल दूध दिवस सम्पन्न २०
२२. मनाउँदै ७ औं विश्व स्कुल दुध दिवस २१
२३. कृषि, जलवायू परिवर्तन बारे, कोप २७ मा .... २२
२४. फापर खेती प्रविधि २३
२५. चाडपर्वमा दूध अभाव हुन नदिन आग्रह २४
२६. आयात रोक्न मिल्दैन २५

२७. बाल्यकालमा दशैंको अनुभव २६

28. Pineapple potential fruits 27
29. The nature of the Mediterranean sea 28
30. Blockchain technology agrifood systems 30
31. Worm' up to the idea of edible insects 31
32. Young people determined to build a better future 32
33. Somalia, Bearing Agrican drought 33
34. Pakistan floods : Focus on the longer term 34
35. Philippines are protecting livelihoods in the ocean 35

व्यक्तिगत मूल्य रु. १००/-

**प्रकाशक** : कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि
**सल्लाहकार** : कृष्ण कोपिला, डा.गिरीराजमणी त्रिपाठी, छविन्द्रराज कँडेल, डा.भरतबहादुर पाण्डे
**प्रधान सम्पादक** : धनबहादुर मगर **सह-सम्पादक** : निर्दोष निमिल्सिना, हिरा पाण्डे (दिक्षा)
**मुख्य कार्यालय** : बागबजार २८, **फिल्ड कार्यालय** : टौखेल मच्छेगाउँ ९, चन्द्रागिरी नगरपालिका
**फोन** : ०१४२८८७४३, **मोवाईल नं.** ९८४१४४५७५३, **मुद्रण** : प्रिन्ट स्काई, भुरुखेंल, काठमाडौं
**Online** : www.krishijournal.com.np, इमेल : krishijournal@yahoo.com

# नेपालको खाद्य प्रणाली सुधारोन्मुख बनाउँदै लग्नु पर्छ

सम्पादकीय



"उत्पादन, पोषण, वातावरणमा सुधार, सुखी जीवनको आधार" भन्ने मूल नाराकासाथ नेपालमा नेपाल सरकार, किसान संघ-संगठन लगायत कृषिमा काम गरिरहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाहरुले ४१ औं विश्व खाद्य दिवस विभिन्न कार्यक्रमहरु गरि विगतमा पनि मनाईएको थियो भने यो वर्ष पनि ४२ विश्व खाद्य दिवस नेपालले राम्ररी मनाउने तयारी मनाउन गईरहेको सन्दर्भ छ ।

नेपालको खाद्य प्रणाली र कृषिको अवस्था बारेमा पुनविचार र पुनसंरचना गर्नु आवश्यक छ । आजको विश्व परिवेशमा नेपाल भोकमरीमा धेरै माथि रहेको छ । नेपालको जनतामा आम्दानी बढे अनुसार उपभोक्तामा खाने बानीमा परिवर्तन आएको छ । खाद्य प्रणालीमा केही नीतिगत समस्या रहेको छ । कृषि गरिरहेको जनशक्ति विदेश भएको कारण खेतीयोग्य जमीन बाँझो हुँदै गएको अवस्था त्यस प्रति नेपाल सरकार कृषि विकास मन्त्रालय गम्भीर रहेको अभिव्यक्त भइरहेको छ । चिन्ता र चाँसो पनि लिइरहेको छ । जलवायू परिवर्तनका कारण खाद्य उत्पादनमा समेत असर पुगेको छ । बाँझो जमीन राख्नेलाई कारबाही र जरिवाना लगाउने नीति व्यवहारिक भएपनि कार्यन्वयन गर्न सक्ने कुरा शंकाको घेरामा रहेको छ । समग्र कृषि उत्पादन बढाउन समस्याको पहिचान गरि किसानमुखी कार्यक्रम ल्याउनु पर्ने मनसाय सबै क्षेत्रमा उठेको छ ।

खाद्य प्रणालीलाई स्थानीय खाद्य प्रणालीमा जोड्नुपर्ने, माटोको पुर्नताजगी गरेर लैजानुपर्ने देखिन्छ । कृषि क्षेत्रको सुधार गर्न, नीति निर्माणमा समानुपातिक वर्गको सहभागीता, कार्यन्वयन र प्रभावकारी अनुगमन, सहितको वास्तविक र साना किसानको पहुँचमा आधारित अनुदान र प्रविधि पुऱ्याउनु पर्नेछ ।

नेपाल लगायत विश्वको खाद्य प्रणालीमा समस्या विकराल बन्न सक्ने प्रति विश्व समुदायले सचेत गराइएको छ । भोकमरीको समस्या आउन नदिन विश्वव्यापी रुपमा समन्वयको जरुरी छ । विदेशमा गएको श्रम शक्ति कृषिमा फर्कने वातावरण बनाउनु पर्ने विषय पटक-पटक नउठेको होइन ।

कृषि शिक्षा, बसाई सराई, सरकारको नीतिको कारण कृषि क्षेत्र कमजोर बन्दै गएको छ । भूमिको वर्गीकरण अभियानको सिलसिलामा भू-उपयोग नीति कार्यन्वयन तहलाई कमजोर बनाउने खेलहरु खेलिरहेको देखिन्छ । कृषियोग्य जमीनलाई कृषियोग्य जमीन भनेर नलेख्नु भनेको प्रति गरिव र साना किसान, वास्तविक कृषि प्रति चिन्ता र चाँसो राख्ने समुदायलाई सचेत र चिन्तित समेत बनाएको छ । भू-उपयोग नियमावाली प्रकृयामूखी छन् व्यवहारिक बनाउनु जरुरी रहेको छ । भू-उपयोग नियमावाली सही ढंगले कार्यन्वयन गर्न सकिन्छ कि सकिदैन भन्ने विषय अझै पर्खाइको संघार उभिएको छ । नेपालको प्राकृतिक साधानहरु जमीन, जल, जंगललाई सीमित स्रोत साधान सम्पन्न भएका व्यक्तिहरुले आफ्नो कब्जामा राखेर दोहोन गरिरहेको भन्ने समाचारहरु बेला बेलामा आउने गरेको छ । उत्पादनको साधान जमीनमाथि सीमित मानिसहरुको कब्जा रहीरहने हो भने नेपालको जैविक विविधता, नेपालको खाद्य प्रणालीमा तत्काल असर नपारे पनि भविष्यमा असर गर्न सक्छ । त्यसकारण समस्याको पहिचान गरि समाधान तर्फ अगाडि बढ्नु पर्ने देखिन्छ ।

देशभर खाद्यान्न प्रणालीमा क्षेति पुऱ्याउने वन्यजन्तुहरुको विगविगी बढ्दै गएको छ । बाँदर, दुम्सी, बँदेल लगायतका वन्यजन्तुले किसानले लगाइरहेको बालीहरु विनास गरिरहको अवस्था देश भर रहीरहेको छ । कारण कृषि गर्ने कृषकहरु समेत निराश हुँदै खेती गर्न छोड्दै गएको देखिन्छ । बालीनालीमा क्षेती पुऱ्याउने वन्यजन्तुको नियन्त्रण र व्यवस्थापन गर्नु पर्छ ।

नेपालले वार्षिक रुपमा २ खर्बको खाद्यवस्तु आयत गरिरहेको तथ्याङ्क छ । यसरी खाद्यान्नबाली घट्दै जाने र देशमा व्यापार घाटा चुलिदै जाने हो भने । एकातिर खाद्यान्न कमी हुने अर्कोतर्फ क्रयशक्तिमा ह्रास आई हाम्रो देशले भोकमरीको समस्या मात्र नभई आर्थिक संकट समस्या पनि भोग्नु पर्ने अवस्था प्रति विज्ञले समयमा नै सचेत गराईरहेको छ । नेपाल भोकमरीको निकट रहेको देशहरु हाम्रो देश मात्र नभई विश्व धेरै देशहरु पनि पर्न आउँछ । यस प्रकारको समस्य आउन नदिन विश्वको खाद्यान्न सञ्जाल विस्तारमा लागिरहेको संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि संगठनले काम गरिरहेको छ । तर पनि त्यतिले मात्र पुग्दैन । आन्तरिक उत्पादनलाई बढावा दिई सबै देशहरु खाद्यान्न उत्पादन प्रणालीमा ध्यान दिनुको विकल्प छैन । राज्यले महत्व नदिएको कारण समस्या आएको छ भन्ने कुरा बेलाबेलामा उठ्ने गरेको छ ।

तर पनि त्यसमा सत्यता छैन । बढ्दो जनसंख्या र घट्दो खाद्यान्न उत्पादन, आयतमूखी अर्थतन्त्रको अन्त्य गर्न आन्तरिक उत्पादनलाई बढाउन जरुरी छ । त्यसो गर्न सके ३ करोड जनसंख्यालाई मात्र नभई ६ करोड जनसंख्यालाई पुग्न खाद्यान्न उत्पादन गरि ढुक्कसँग खाद्य अधिकारको सुनिश्चित गर्न आजको आवश्यकता बनेको छ ।

# उत्पादन, संघर्ष र वैज्ञानिक समाजवाद मेरो लक्ष्य : अध्यक्ष प्रचण्ड

धनबहादुर मगर

काठमाडौं असोज ७ अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्रको तेस्रो राष्ट्रिय भेला सम्पन्न भएको छ ।

अखिल नेपाल किसान महासंघका पूर्व अध्यक्ष, नेकपा (माओवादी केन्द्र)का अध्यक्ष, राष्ट्रिय भेलाका प्रमुख अतिथि पुष्पकमल दाहाल (प्रचण्ड)ले २०४१-०४२ सालमा किसानको प्रारम्भिक समितिमा समेत रहेको बताउँदै आफ्नो लगाव आज पनि किसान आन्दोलन र किसानको सुदृढिकरण गर्नमा रहेको बताउनु भयो । साथै आफू कृषिको स्नातक विद्यार्थी भएको, र देश पनि प्रधान देश नै रहेकोले बताउदै कृषि क्रान्तिको माध्यमबाट जनताको समृद्धि हुने विश्वास रेहेको बताउनु भयो । कृषिको उत्पादन, संघर्ष र वैज्ञानिक समाजवाद उन्मुख, कृषिको पक्षमा महत्व दिदै आएको बताउनु भयो । २००६ सालमा कम्युनिष्ट पार्टीको आन्दोलन किसान आन्दोलनको रुपमा गर्दैं आएको स्मरण गर्दै वारा, पर्सा तराई क्षेत्रमा भएका भएका ठूला-ठूला किसान संघर्ष भएको बताउनु भयो । साथै महिला, दलित, आदिवासी जनजातिको सहभागीता सहितको आन्दोलन विना अगाडि बढ्न नसक्ने बताउँदै अध्यक्ष प्रचण्डले पार्टीहरुबाट समाजवादको आधार तयार पार्न, व्यवहारिक जिम्मेवारी दिने काम किसान र मजदुरको भएको बताउँदै, आन्दोलनले गर्न अभिभारा किसान र मजदुरुहरुको हातमा आएको बताउनु भयो । विगतमा वाम एकता भयो । महान एकतालाई पूरा गर्ने क्रममा दुर्घटना भयो । फेरि पनि वाम एकताको आवश्यकता छ भनेर लागिरहेको छु । उत्पादन बढाउनु समाजवादी अर्थतन्त्रको लागि पहल गर्न जरुरी छ यो कृषि उत्पादनको माध्यमबाट सम्भव हुने बताउँदै चीनको जनवादी क्रान्ति किसान र मजदुरको परिवर्तन पहलमा भएको बताउनु भयो । प्रतिगमनकारी पक्षधर विरोधीहरुले पटक-पटक प्रतिनिधीसभा विघटन गरि देशलाई अनिस्चितता तर्फ धकेल्ने प्रयास गऱ्यो । अलिले पनि समानुपातिक सहभागीताको लागि जिन्मसिद्ध अधिकार पाउनु पर्छ भनिरहँदा प्रतिगमनका फनाहरु फेरि उठ्न थालेको भन्दै परिवर्तन आउनमा वापन्थी कम्युनिष्ट पार्टीहरुको महत्वपूर्ण भूमिका रहेको बताउनु भयो । अस्थितरता ल्याउने मुख्य भुमिका (प्रचण्ड)नै खेलेका छन् भनेर लागि परेको छ । झूठो र कपोलल्पित आरोप लगाई रहेकोछ । भारतमा गएको बेला भेट्दै नभेटेको मान्छेलाई भेट गरेको भनेर झूठो प्रचार गरेर भ्रम फैलाइएको छ ।

अध्यक्ष प्रचण्डले आफ्ना ९ महिने सरकारको सरकारको कार्यकालमा भ्रष्टाचारलाई कहिल्यै पनि अवसर दिइएन । तर, अहिले भ्रष्टचारमा माओवादी पनि सहभागीता छन् भनेर आरोपहरु आउने गरेका छन् । कुरा धेरै गहिरो छ । प्रतिगमन विरुद्ध अब आम किसान मजदुरहरुलाई जागरुक गरेर राख्न सकेन भने । कुनै दिन प्रतिगमन हुन सक्ने बताउनु भयो । किसान मजदुरहरुको एकता र आन्दोलनले मात्र प्रतिगमन परास्त गर्नसक्छ । प्रतिमगनकारी विरुद्ध आन्दोलन गर्नु होस् । कृषि उत्पादन वृद्धि गर्ने वातावरण बनाउनु पर्छ । १० वर्षे जनयुद्धको ठोस पृष्ठभूमिलाई हेर्दा नेपाली क्रान्तिका आधारभूमि लागि अगाडि बढेको बताउँदै जनयुद्धकालमा खेलेको भूमिका शान्ति कालको होस् वा किसानहरुले महत्वपूर्ण भूमिका खेल्दै आएको बताउनु भयो ।

अध्यक्ष प्रचण्डले भन्नुभयो तपाई हामी एउटा कालबाट गुज्रदै आएका छौं । किसानका छोरा छोरी सहिद, वेपत्ता, तथा घाइते र अपाङ्गता भएका परिवारलाई सलाम गर्नुपर्छ । जसले जनुयद्ध पछि हामी सरकारमा आएका छौं । 'जसको जोत उसको पोत' को नारा पेचिलो रुपमा आएको छ । हामी जनयुद्धबाट आएपछि खुल्ला राजनीतिमा आएका छौं । हामीसँग उर्जा छ । सही विचार र दृष्टिकोण छ । भेलाले धेरै महत्वपूर्ण अर्थ राख्छ । जनुयुद्धका बाँकी उपलब्धी अझै पूरा गर्नुछ । समाजवादी अविभारा पूरा गर्ने जिम्मा किसान र मजदुरको हातमा आएको बताउनुभयो । फेरि समृद्धिको नेतृत्व पनि हाम्रो पाटीले गर्नुछ ।

अखिल नेपाल सुकुम्वासी संघका अध्यक्ष अमर परियारले किसान र सकुम्वासी मिलेर संघर्ष गर्नुपर्ने बताउँदै किसान र सुकुम्वासी एकतावद्ध




भएर भू-माफिया र दलालहरुलाई परास्त गर्न सकिने बताउनु भयो । संविधान सभा र प्रतिनिधी सभामा सुनिस्चित सहभागीतामा जोड दिनु पर्ने कुरा बताउँदै पार्टी र संगठनको सिंहदरवारको अभ्यास गाउँ-गाउँसम्म पुऱ्याउनु पर्ने बताउँनु भयो

अखिल नेपाल किसान महासंघका अध्यक्ष बलराम बाँस्कोटाले आफ्नो संगठन समाजवादी दिशामा विभिन्न राजनीतिकहरु विरुद्ध लड्दै आएको बताउँदै पार्टीहरुलाई संकट पर्दा किसान संगठनहरुबाट पार्टीको नेतृत्व गरेको बताउनु भयो । किसान र विद्यार्थी आन्दोलनले नै विगतमा निरंकुश शासनलाई झुकाउन सफल भएको बताउँनु भयो । अध्यक्ष बाँस्कोटाले आफ्ना संगठनको तर्फबाट नवउद्धारवादको विरुद्ध संघर्ष गरिरहेको बताउनु भयो । चिनको जनवादी क्रान्ति र किसान र मजदुरको नेतृत्वमा सफल भएको थियो ।

किसानहरुको माग पुरा गराउन भारतीय किसान आन्दोलनले महत्वपुर्ण भूमिको खेल्यो । नेपालको वामपन्थी आन्दोलन साम्राज्यवादीहरुको आँखाको नानी बनेको छ । हामीले मित्र शक्ति र शत्रु शक्तिको पहिचान गर्न जरुरी छ ।

हाम्रो संयुक्त किसान संघर्ष समितिले ५९ सुत्रिय माग प्रधानमन्त्री शेरबहादुर देउवालाई बुझाएका छौं । र माग पूरा नभए आन्दोलन गर्छौं भनेको छौं । ३ महिना भित्र माग पूरा गर्न आग्रह गरेको छौं । ३ महिना भित्र पनि हाम्रा माग प्रति सम्वोधन भएन आन्दोलनमा जान्छौं ।

अखिल नेपाल विद्यार्थी संघका अध्यक्ष पञ्चा सिंहले ‘जसको जोत उसको पोत’ मिटर व्याजीको विरुद्ध संघर्ष वास्तविक किसानको संघर्ष रहेको बताउँदै जनयुद्ध र जनआन्दोलन पछि किसान र विद्यार्थीहरुको समस्या सम्वोधन पार्टी र सरकारले गर्न नसकेको बताउँनु भयो । व्यक्तिगत स्वार्थ र नेतृत्वको लागि छिनाझपटी गर्दै आन्तरिक संघर्ष गरिरहेको बताउनु भयो । माओवादी आन्दोलनले समस्याहरु भोग्नु परेको छ । हामी किसानहरुको भविष्य निमार्ण गर्न सक्छौं । युवा, विद्यार्थी र महिलाहरुको भविष्य निर्माण गर्ने हो र चुप लागेर बस्ने हो भने हाम्रा माग र समस्याहरु अगाडि बढ्न सक्दैन । पार्टीको दस्तावेजहरु सही ढंगले कार्यन्वयन गर्न सकेका छैनौं ।

गणतन्त्र प्राप्त भएपछि राज्यको सत्ता प्राप्त भएपनि जनताको अवस्था उस्तै रहेको बताउँदै पार्टीलाई नयाँ ढंगले अगाडि बढाउनु पर्ने कुरामा जोड दिनुभयो । फेरि पनि प्रतिगमन हुन सक्ने खतरा छ ।

अखिल नेपाल महिला संघ (क्रान्तिकारी)का अध्यक्ष अमृता थापा मगरले किसानहरुलाई आत्मनिर्भर बनाउन, चुनावको पूर्व सन्ध्यामा हुन गईरहेको भेलाले नयाँ मोड ल्याउने विश्वास व्यक्त गर्नु भयो । साथै संविधान माथि प्रतिगमनकारी शक्तिहरुबाट कुठाराघात भएको बताउँदै परास्त गर्न आग्रह गर्नु भयो ।

किसान र मजदुरहरुको हितको लागि वर्गीय, क्षेत्रीय, लिङ्गिय समस्या छ । सहिदका वलिदानहरु सार्थक बनाउन लागेन भने प्रतिगमन हुनसक्ने खतरा रहेको बताउनु भयो । मलाई विश्वास छ किसानका छोराहरु बन्दुक थुत्ने र जेल ब्रेक गर्ने महिला किसानहरु प्रतिगमनलाई परास्त गर्न अगाडि बढ्नु पर्छ । अन्धविश्सासको विरुद्ध अगाडि बढ्ने बेला आएको छ । पार्टीको उपलब्धीहरु खेरा जाने भ्रममा नपर्नु होला ।

अखिल नेपाल किसान महासंघ (अप्फा)का अध्यक्ष भैरव रिसालले २०१२ साल यता प्यूठान, रौतहट, वारा, पर्साका किसानहरुको आन्दोलन महत्वपूर्ण मोड भएको बताउनु भयो । २०४६ साल पछि भएको आन्दोलनले गणतन्त्रको प्राप्त भएको छ । साच्चै भन्ने हो भने कम्युनिष्टको नाममा नयाँ सत्ता सञ्चालन भयो । राजनीतिक अधिकार प्राप्त भएपनि जनताको अधिकार जहाँकातही रह्यो । २०६८ सालको तथ्याङ्कमा ६६ प्रतिशत किसानहरु छन् । तथ्याङ्क हेर्दा अहिले पनि नेपाल कृषि प्रधान देशनै रहेको छ । अब किसानहरु सडकमा ओर्लनु पर्छ । किसानको र उत्पादनमा परिवर्तन भएन भने देशको अर्थतन्त्र समेत धरासायी हुनेछ । नवउद्धारवादी नीतिहरुसँग पार्टीहरु आत्मसमर्पण गर्न पुगेको छ ।

किसानको उत्थान विकास राम्रो भएने भने कुनै पनि कुरा राम्रो हुँदैन । राजनीतिक रुपमा परिवर्तन भएपनि वर्ग संघर्षको माध्यमबाट कृषि क्रान्ति नभएसम्म देशमा समृद्धि ल्याउन सक्दैन । माथिल्लो आन्दोलनले गर्दा तलको आन्दोलन कमजोर भएको छ । अध्यक्ष रिसालले भन्नु भयो ‘अब ढाडमा टेकेर टाउकोमा होईन, टाउकोमै टेकर हान्नु पर्ने बेला आएको छ । शब्द जाल होइन । हामी आन्दोलनमा जाने छौं । पाटीले हामीलाई आन्दोलनमा नजा भनेपनि हामी आन्दोलनमा जान्छौं ।’

हामीलाई विश्वास छ, नेतृत्व किसानमुखी र मजुदर मुखी भएन । सडक आन्दोलनको विकल्प छैन । गणतन्त्र आएको यतिको वर्ष भयो । किसानको समस्या उस्ताको उस्तै छन् ।

अखिल नेपालका किसान युनियनका अध्यक्ष लोकनारायण सुवेदीले किसानको मुख्य समस्याहरुको समाधान गर्न बाँकी रहेको बताउँदै नेपालको किसानहरु एकजुट भएर अगाडि बढ्नुको विकल्प नभएको बताउनुभयो ।

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)का अध्यक्ष सिताराम तामाङले आज पनि नेपालको कृषि क्षेत्र, भू-स्वमित्वको कारण, सामान्ती स्वरुपमानै रहेको, पूँजीवादी पद्धतिको जस्तो भएपनि भू-स्वमित्वको कारण नेपालको कृषि क्षेत्रले फड्को मार्न नसकेको बताउन भयो । साथै अध्यक्ष तामाङले नेपालको जनवादी क्रान्ति र किसान र मजदुरको संघर्षबाट मात्र सफल हुने बताउँदै, किसानहरुको माग सुधारमा भू-प्रणाली मुख्य वाधक रहेको बताउनु भयो ।

महासंघको राष्ट्रिय भेलामा स्वागत मन्तव्य महासचिव शेशुराम भण्डारी, कार्यक्रम सञ्चालन सचिव नहेन्द्र खड्का, अध्यक्षता महासंघका अध्यक्ष चित्रबहादुर श्रेष्ठले गर्नु भएको थियो ।

## असोज महिनाको कृषि कर्म

**खेतीपाती :**

-धानबालीमा पतेरोको प्रकोप देखिएमा नियन्त्रण गर्ने । व्लाष्ट रोगबाट बचाउन बाला निस्कुन अगावै १ पटक र त्यसको ७ देखि १० दिनपछि अर्को पटक सिफारिस विषादीको प्रयोग गर्ने ।

-मास तथा भटमास बालीमा भुसिलकिरा देखिएमा संकलन गरेर नष्ट गर्ने ।

-मध्य पहाडमा काउली, ग्याँठगोवी, मुला, सलगम, रायो, स्विसचार्ड, पालुङ्गो, केराउ, चमसुर, लसुन आदि लगाउने ।

-तराई र भित्री मधेशमा असोजको अन्त्यदेखि आलु रोप्न शुरु गर्ने ।

-मध्यपहाडमा कुफ्रिज्योती, एन पि आई १०६, डेजिरे, कार्डिनल र तराईमा कुफ्रि सुन्दरी कार्डिनल जातका आलु लगाउने ।

-सुन्तला जात फलफूलमा लाग्ने औंशा कीरा नियन्त्रणका लागि फेरोमिन ट्र्यापको प्रयोग गर्ने तथा चोर हाँगा, सुकेको हाँगा, फेद र जरा कुहिएको बोट भए काटेर फाली बोर्डो पेष्ट लगाउने ।

-रामसाई, गोलसाई जातका अलैंची टिप्ने ।

-शरदकालीन उखुको लागि जग्गा तयार गर्ने ।

-सदावहार फलफूलहरूमा गोडमेल र मलजल गरी छापो दिने ।

**पशुपालन :**

-घाँसको लागि केराउ वा खेसरी मिश्रण गरी धान बाली काट्नु भन्दा अगाडि छर्ने ।

-चरनको लागि उपयुक्त वहुवर्षीय घाँस कक्सफुट, हवाइट क्लोभर आदि घाँस छर्ने ।

-बाख्रालाई शरीरको वजन अनुसार मात्र मिलाई जुकाको औषधी खुवाउने ।

-भर्खर व्याएको वा दुहुना गाइभैंसीमा थुनेलो रोग लाग्न सक्ने भएकाले यसबाट बच्नको लागि गोठ सफा राख्ने र ९ भाग povidine iodine र १ भाग glycerine झोल बनाई उक्त झोलमा हरेक दिन थुन डबाउने ।

# किसान संगठनहरुबाट संयुक्त रुपमा माग पत्र पेश गरेको सार्वजनिकीकरण

काठमाडौं साउन ३० । विभिन्न राजनीतिक पार्टी निकट संगठनहरुले सरकारले किसानका मागहरु तत्काल पूरा नगरे आन्दोलनको अँधीबेरी सिर्जना गर्ने चेतावनी दिएका छन् । सोमबार राजधानीको संवाद डबलीमा 'किसानहरुका साझा माग सर्वजनिकीकरण तथा संयुक्त पत्रकार सम्मेलन' गरी सो कुरा बताइएको हो ।

३ महिना भित्र आफ्ना मागहरु पूरा नगरे आन्दोलन गर्ने देउवा सरकारलाई अल्टिमेटम समेत दिएको बताएका छन् ।




यही २०७९ साउन १४ गते प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष ५९ बुँदे संयुक्त किसान ज्ञापन पत्र पेश गरिएको बताउँदै सोमबार संयुक्त पत्रकार सम्मेलनमार्फत ती मागहरू सार्वजनिक गरेका हुन् ।

संयुक्त रुपमा वितरित बक्तव्यमा जनाए अनुसार आगामी ३ महिनामा किसानहरूका मागहरूबारे प्रचारात्मक कार्यहरू गर्ने, तीनै तहका सरकारहरूलाई सचेत बनाउने, दबावमूलक कार्यहरू गर्ने र राजनीतिक दलहरूलाई ज्ञापन पत्र बुझाउने लगायत संघर्षका कार्यक्रम गर्ने बताए ।

नेपाल सरकारले आफ्ना मागहरू पूरा नगरेसम्म देशव्यापी रूपमा सम्पूर्ण किसानहरू र आम जनसमुदायलाई सहभागी भई सफल बनाउन अपिल गरेका छन् ।

सो पत्रकार सम्मेलनमा बोल्दै अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का अध्यक्ष चित्रबहादुर श्रेष्ठले किसानहरुको अनुभूति हुने गरी किसानका मागहरु पूरा नभएको बताए ।

अखिल नेपाल किसान महासंघका अध्यक्ष बलराम बास्कोटाले तत्कालीन सरकारहरुले भूमि र जमीनको समस्या समाधन गर्नु पर्नेमा सरकारले जनतासँग जोडिएको विषय समाधान गरेन । बास्कोटाले भने 'हामीले किसानको हकहितको लागि लडेका छौं । नलडेको भए यू एन ड्रप र जस्तो किसानको अधिकारहरु आउने थिएन ।' सामान्ति भू-स्वामित्वका कुरा आउँदै आउँदैन । किसान संगठन कसैको पेवा होइन, उनले भने । अखिल नेपाल किसान महासंघ (अप्फा)का अध्यक्ष भैरव रेग्मीले राजा महेन्द्रले किसान आन्दोलनबाट मारखाने डरले २०२१ सालमा भूमि सुधार ऐन ल्याएको बताए ।

अर्का नेता अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)का अध्यक्ष सीताराम तामाङले महिलाहरु नेपालको वास्तविक किसान भएकाले जमीन दर्ता गर्दा श्रीमान र श्रीमतीको नामामा दर्तागर्नु पर्ने बताए । कार्यक्रम अखिल नेपाल किसान माहासंघ(क्रान्तिकारी केन्द्र)का स्थायी समिति सदस्य नहेन्द्र खड्काले सञ्चालन गरेका थिए ।

वक्ताहरुले अमा जनता तथा किसानहरुलाई आन्दोलनलाई सफल गर्न अपिल गर्दै भनेका छन् ,"देशको दुईतिहाई जनसंख्या ओगट्ने किसानहरूको जीवन र जीविका कृषिमा निर्भर छ । साना किसान, पारिवारिक खेती र निर्वाहमुखी कृषि प्रणालीमा आधारित कृषि अर्थतन्त्र हाम्रो राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड हो । वितरित संयुक्त अपिलमा दलाल तथा भू-माफियाहरू मोटाइरहेका छन् भने, अर्कोतिर जमीनको खण्डीकरण र कृषि भूमिको गैर-कृषि क्षेत्रमा प्रयोग गर्ने काम भइरहेको छ । किसानलाई दिइने अनुदानहरूको दुरुपयोग भइरहेको छ । वास्तविक किसानहरूले अनुदान पाउन सकेका छैनन् । सरकारी र सार्वजनिक सम्पत्तिको दोहन भइरहेको छ । खाद्यान्न आयात प्रभावित भएमा देश खाद्य संकटको जोखिममा पुग्ने संभावना समेत रहेको छ ।"

६ वटा कम्युनिस्ट पार्टी आवद्ध अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र), अखिल नेपाल किसान महासंघ, अखिल नेपाल किसान महासंघ (अप्फा), अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी), अखिल नेपाल किसान यूनियन र अखिल नेपाल प्रगतिशील किसान संघले साउन १४ गते नेपाल सरकारका प्रधानमन्त्री श्री शेरबहादुर देउवासमक्ष ३ महिने अल्टिमेटमसहित ५९ बुँदे संयुक्त किसान ज्ञापन पत्र पेश गरिएकाले आज यो संयुक्त पत्रकार सम्मेलनमार्फत ती मागहरू सार्वजनिक गरेका छौं विज्ञाप्तिमा उल्लेख गरेका छन् ।


कृषि उत्पादनमा वृद्धि र सहजता,
कृषि यान्त्रीकरणको प्रवर्द्धन र उपयोगिता देश आत्मनिर्भरताको मूल आधार, कृषि विकासमा नविनम् सुधार कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र ( CAIDMP)

# कुचो सरकारको प्राथमिकता पर्नु पर्छ

काठमाडौं भदौ ४, कुचो मुख्य निर्यातजन्य कृषि वस्तु भएपनि सरकारले प्राथमिकता नदिएको व्यवसायीहरूले गुनासो गरेका छन् । शनिवार भएको प्रथम साधारण तथा प्रथम अधिवेशनमा वार्षिक अरबौंको कुचो निर्यात हुने भएपनि सरकारले निर्यातका वस्तुमा कुचोलाई नराखेको गुनासो गरेका हुन् ।




त्यस अधिवेशन तथा कुचो संघका प्रमुख अतिथि, नेपाल उद्योग वाणिज्य महासंघका कार्यवाहक अध्यक्ष चन्द्र प्रकाश ढकालले कुचोलाई निर्यातित कृषि वस्तुमा समावेश गर्न सरकारसँग आग्रह गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । ढकालले "अरबौंको कुचो निर्यात भएर नेपालको अर्थतन्त्रमा ठूलो सहयोग पुऱ्याएको छ । यसलाई मुख्य निर्यातजन्य कृषि बालीको रूपमा राख्नु पर्छ । त्यसका लागि सरकारसँग पहल गर्छौं ।" प्रमुख अतिथि चन्द्र प्रकाश ढकालले बताए ।

पछिल्लो समय देशको अर्थतन्त्र खतरामा रहेको भन्दै उनले कृषि वस्तु निर्यात गर्नु भन्दा अर्को उपाय नरहेको पनि बताए । आयात् बढ्दा त्यसले विदेशी विनिमय सञ्चिति घटाएको भन्दै राष्ट्र बैंकले अहिले केही वस्तुको आयात्मा कडाई गरेको छ । त्यसैले सरकारले अब कृषि वस्तु निर्यातमा जोड् दिनुपर्ने पनि उनले बताए । गत वर्ष मात्र ७० करोडको कुचो विदेश निर्यात भएको छ । त्यसमध्ये ४० लाखको बङ्गलादेश र बाँकी कुचो भारत निर्यात भएको नेपाल कुचो संघका अध्यक्ष राजकुमार कार्कीले जानकारी दिए । वार्षिक ७० करोड कुचो निर्यात भएपनि सरकारले निर्यातको वस्तुमा समेटेन ।

यो एकदमै दुःखद कुरा हो । गुनासो गर्दै भने, "सरकारको तथ्याङ्कमा ७० करोड देखाए पनि वार्षिक ४ अर्बको कुचो निर्यात हुन्छ । सरकारले कुचोको महत्वलाई बुझेर तत्काल निर्यात हुने वस्तुमा समेट्नु पऱ्यो ।"

सरकारले निर्यात हुने वस्तुमा कुचोलाई नराख्दा किसानले निर्यात गरेवापत पाउने नगद प्रोत्साहन पनि नपाएको गुनासो गरेका छन् । साथै तत्काल कुचोलाई निर्यात वस्तुमा समेटी कुचो व्यवसायबाट जीविकोपार्जन गर्ने किसानलाई नगद प्रोत्साहन उपलब्ध गराउन पनि माग गरेका छन् ।

यसैगरी गोकर्णेश्वर नगरपालिकाका मेयर दीपक कुमार रिसालले सरकारले कुचोलाई प्रवर्द्धन गर्नु पर्ने बताएका छन् । साथै गोकर्णेश्वरका कतिपय क्षेत्रमा पहिरो जाने भन्दै त्यस ठाउँमा अम्रिसो रोपण गर्ने पनि बताए । उनले भने, "अम्रिसो लगाएमा भूक्षय नियन्त्रणमा हुन्छ भन्ने कुरा यही कार्यक्रमबाट सुनेको बताए । म यस विषयमा थप अध्ययन गरेर अम्रिसो रोपण गर्छु । किनकि हाम्रो नगरपालिकाको कतिपय क्षेत्रमा पहिरो जान्छ ।" यस्तै ईलाम नगरपालिकाका मेयर केदार थापाले अम्रिसो ईलाममा नै उत्पत्ति भएर धेरै जिल्लामा फैलिएको बताए । कुचोले अरबौं रुपैयाँ नेपाल भित्र्याएर अर्थतन्त्रमा ठुलो सहयोग पुऱ्याएको भन्दै उनले तत्काल सरकारले कुचोलाई मुख्य निर्यातजन्य कृषि वस्तुमा समावेश गर्नु पर्ने बताए । विदेश निर्यात हुने कुचो मध्ये करिब ५० प्रतिशत इलामबाट मात्र निर्यात हुँदै आएको छ । कुचो खेती गर्ने किसानलाई सरकारले अनुदान दिनुपर्ने पनि बताए । "अम्रिसोबाट कुचो मात्र नभई गाई वस्तुलाई आहाराको रूपमा समेत प्रयोग गर्न सकिन्छ । जसले गर्दा दूध उत्पादन र मासु उत्पादनमा समेत वृद्धि हुन्छ । त्यसैले सरकारले अम्रिसोको महत्व बुझ्नु जरुरी छ ।" भएको बताए ।

साथै कुचोको डाँठबाट निकै गुणस्तरीय कागज समेत उत्पादन गर्न सकिने भएका कारण आफूले पनि नगरभित्र अम्रिसो खेती गर्नेलाई प्राथमिकता दिने बताएका हुन् । अम्रिसो बाह्रै महिना हरियो रहने र गाँजमा हुर्कने एउटा गैरकाष्ठ प्रजातिको वनस्पति हो ।

यो घाँस एक पटक लगाएपछि १० देखि १५ वर्षसम्म पनि हरियो घाँसको उत्पादन लिन सकिन्छ । अम्रिसोको जरा माटोमा राम्ररी फैलिएर जाने भएकाले भूक्षय रोक्नसमेत मद्दत गर्छ । यो वनस्पतिको डाँठ दाउरा, तरकारी बालीका थाँक्रासँगै करेसाबारीमा बारबेर गर्न समेत प्रयोग गर्न सकिन्छ । स्थानीय स्तरमा गाउँघरमा घर छाउन समेत प्रयोग गरिन्छ । अम्रिसोका फूल, पात, डाँठ एवं जरा समेत विभिन्न प्रयोजनका लागि उपयोगी हुन्छ ।

वार्षिक कति निर्यात हुन्छ कुचो ?

पूर्वी पहाडी जिल्लामा उत्पादन हुने नगदे बाली अम्रिसो कुचो ९० प्रतिशत भारत निकासी हुने गरेको छ/ । आर्थिक वर्ष २०७८/७९ मा ६९ करोड ९८ लाख ६२ हजार रुपैयाँ बराबरको ९१,४०,७९,४२५ केजी. कुचो बारत र बंगलादेश निर्यात भएको भन्सार विभागले जनाएको छ । कुचो निर्यात मात्रै हैन आयात पनि हुने गरेको छ । गत वर्ष मात्र ८ करोडको कुचो आयात भएको थियो । यस्तै आर्थिक वर्ष २०७७/७८ मा भने ६५ करोड ८८ लाख १३ हजार बराबरको ९१,३३,८३,३८० केजी. कुचो भारत तथा बंगलादेश निर्यात भएको थियो ।

कुचोको मुख्य सिजन माघदेखि वैशाखसम्म मानिन्छ/ । पूर्वी नेपालका पहाडी जिल्ला धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा, खोटाङ, उदयपुर र पाँचथर तथा तराईका सुनसरीको विष्णुपादुका, मोरङको उत्तरी क्षेत्रमा उत्पादित कुचो धरानमा संकलन हुन्छ/ ।

कृषकबाट कच्चा मालका रूपमा अम्रिसो थोक मूल्यमा खरिद गरेर झापाको धुलाबारी र मोरङको विराटनगरका व्यापारीलाई बिक्री हुन्छ । त्यहाँका व्यापारीहरूले थप ब्राण्डिङ्ग, प्याकेजिङ गर्ने र ५० किलो वण्डल बनाएर भारतीय व्यापारीलाई बिक्री गर्छन् ।

भारत निर्यात भएपछि वण्डलबाट अम्रिसोको स्टिक झिकेर सानो-सानो मुठाको कुचो बनाएर उपभोक्ताको घरसम्म पुऱ्याउने गरिन्छ ।

# विधेयक २०७९ आएकोमा विना अवरोध मिलेर अगाडि बढ्न आग्रह

काठमाडौं भाद्र ५ गते नेपाल एनिमल साइन्स एशोसिएसन (नासा), नेपाल पारा भेटरीनरी एण्ड लाइभष्टक एशोसिएसन (नेभ्ला) नेपाल पशु स्वास्थ्य सेवा पाविधिक संघ (नेल्टा)द्धारा काठमाडौंको अनामनगरस्थित सिलौटो बकिटमा एक पत्रकार सम्मेलनको आयोजना गरि



र प्रतिनिधी सभाबाट हालै पारित पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक २०७९, पारित भएकोमा राष्ट्रिय सभाबाट पनि पारित हुने विश्वास रहेको बताएका छन् ।

साथै पारित हुन लागेको विधेयक प्रति विरोध नगर्न समेत आग्रह गरेको छ ।

हालै पारित भएको विधेयक लामो समयको संघर्षको परिणमको रुप भएकोले साझा सम्पतीको रुपमा लिइदिन संयुक्त रुपमा प्रेसित विज्ञाप्तिमा आग्रह गरेका छन् ।

नेपाल पाराभेटरीनरी एण्ड लाइभस्टक एशोसिएसन (नेभ्ला)का अध्यक्ष रामप्रसाद मेहताले प्रतिनिधी सभाबाट पारित भएको पशु सेवा विधेयक २०७९ अगाडि बढाउने विषयमा पत्रकार सम्मेलनमा पशुचिकित्सक भेटरीनरी एशोसिएसनले विरोध गरिरहेको छ । ५ वर्ष पढेको विद्यार्थीको शिक्षामा मान मर्यादा हुनेभयो । फिर्ता गराउने कोशिस गरिरहेको छ ।

भेटरीनरी एशोसिएसनका अध्यक्ष शितलकाजी श्रेष्ठले हामीलाई जानकारी भएन भनिरहनु भएको छ । छलफल नगरी धारणा बनाएको छैन । ६० हजार जनशक्तिले काम गरिरहेको छ । ४ वटा श्रेणीमा विभाजन गरिएको छ । यो विधेयकमा मानहानी गर्ने खालको छैन । विधेयक आयो भने अन्तर्राष्ट्रिय प्रणालीमा असर पुऱ्याउन सक्छ । वाइपो नेतृत्वसँग छलफल गरिहेका छौं । डब्लुटिओको निर्यात रोकिन्छ भन्ने कुरा सत्यता छैन । अन्तर्राष्ट्रिय मान्यता विपरित हामी जाने छैनौं । पारित भएको विधेयकले विश्व बजारमा कुनै पनि असर गर्दैन । यो विधेयकको लागि ७ वटा मन्त्री र ९ वटा सचिव फेरिएको छ । उहाँहरुको बौद्धिकता र नैतिकतामा प्रश्न उठेको छ । एकीकृत रुपमा नबढेसम्म अगाडि बढ्न सक्दैन । विरोधको लागि विरोध गरिएको छ । हामीले चाहे अनुसार यो विधेयक आएको छैन । तर, पनि गुणस्तरीय नियमन गर्न अवसर त दिन्छ होला । सबैको समान अस्तित्व छ, काम गर्न थालौं । आफूले पढाउने विद्यार्थीहरु काम गर्न पाउने, त्यही पढाउँने शिक्षकहरुलाई वञ्चित गराउने २०५५को ऐन भन्दा यो विधेयक सकारात्मक छ । प्राविधिक जनशक्तिको विकास नभएसम्म किसानको उन्नती हुन सक्दैन । दर्ता हुने पनि दिएको थिएन झुक्याएर दर्ता गरिएको थियो । पूर्व अध्यक्ष शम्भुबहादुर पाण्डेले भन्नुभयो । २०४६ साल अगाडिको कुरा हो, वोयर बाख्रा ल्याउने म नै हुँ । घाँसखाने पशुलाई औषधी खुवाएर मात्र हुँदैन । हामीलाई धोका दिने हो भने लाखौ किसानहरुलाई धोका दिएको सरह हुनेछ ।

नेभ्लाका उपाध्यक्ष पुस्कर नेपालले गलत प्रचारको विरुद्ध लागेर सही सूचना दिनुपर्छ । गलत कुराहरु हामीलाई मान्य हुने छैन । सबै लागेर यो ऐन पास गराउनु छ ।

कृषि पशु चिकित्सक एशोसिएसनका अध्यक्ष निरन्जन भट्टराईले कालो कानुनको मारमा विद्यार्थीहरुलाई सडकमा नल्याउन आग्रह गर्नु भएको छ । भईराखेको कानुन हाम्रो लागि ठीक थियो त ? प्रतिनिधी सभाबाट यो विधेयक पारित भएको छ । अधिकार छिनेको छैन । पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक २०७९ राष्ट्रिय सभाबाट पारित हुन्छ । हामीले भ्रम फैलाएर फिर्ता गर्ने प्रयास गर्नु हुन्न । किसानले खोजेको जनशक्ति राज्यले बनाउनु पर्छ । अराजक अवस्थाको सिर्जना गरेमा के हुन्छ ? पेन डाउन गरेको छ ? सेवा अवरुद्ध भएको छैन । केही दिनपछि कुरा बुझ्नु हुन्छ । सेवा प्रवाह कुनै अप्ठेरो पर्दैन । पशु चिकित्सा ऐन २०५५ त्यो ऐन अन्तर्गत दर्ता भएकाले पशुचिकित्सकले काम गर्न पाउने छ ।

कार्यक्रमको उद्घोषण पूर्णबहादुर बुढाले गर्नु भएको थियो ।

# पहाडमा लगाइने केही धानका जातहरु

असारको शुरुआवातमै रोपिएको धानमा बाला लागिसकेको भएपनि वर्षाको अभावले ढिला गरी रोपिएको ठाउँमा धानको फूल लाग्ने बेला वर्षाले असर गर्ने उनको भनाई छ । भारी वर्षा हुँदा धानमा लागेको फूल झर्दा परागसेचन हुन नपाउने तथा बाला लागिसकेको



धान ढलेर पानीमा डुबेको अवस्थामा बाला कुहिने भएकाले औसतभन्दा कम धान उत्पादन हुन सक्ने अनुमान गरिन्छ ।

विश्वमा करिब तीन चौथाइभन्दा बढी फूल फुल्ने बिरुवालाई परागसेचनको आवश्यकता पर्दछ । करिब ७५ प्रतिशतभन्दा बढी फूलहरूको परागसेचन कुनै न कुनै जीवजन्तु वा कीराहरूले गर्ने गर्दछन् ।

"ठाडो अवस्थामा रहेको र फूल खेल्ने बेलाको धानको फूल झर्दा परागसेचनको अभावले उत्पादनमा कमी आउँछ । पसाइसकेको धान भएमा ढलेको धानको बाला पानीमा डुब्दा बोटमा नै बाला कुहिन्छ" दशैंको बेला पनि भएकाले सबै विवरणहरू आइसकेका छैनन् ।"

कृषि विकास निर्देशनालय गण्डकी प्रदेशका निर्देशक वासुदेव रेग्मीका अनुसार ११ जिल्ला रहेको गण्डकीका नौ धान उत्पादन हुने गरेको छ । मुस्ताङ र मनाङमा भने धान खेती हुने गरेको छैन । सबै जिल्लामा गरेर यस वर्ष कूल एक लाख तीन सय हेक्टरभन्दा बढी क्षेत्रफलमा धान खेती लगाउने गरिन्छ ।

निर्देशक रेग्मीका अनुसार गण्डकीमा सावित्री, राम धान, च्याम्पियन, मकवानपुर, आपझुत्ते, मानिसरा, मनसुली, अनदी, कालो मसिनो, यूएस, महाराजा, होलसी, बहुबुडी, हर्दिनाथ, जेठो बुढो, पहेँले, गुर्दी, एक्ले, खुमल, गौरिया, झिनुवा, बिरमफूल, पोखरेली जेठो बुढो, गुर्जा, लुम्ले, माछापुच्छ्रे, जर्नेली, सुगन्ध, हाइब्रिडलगायत जातका धान लगाउने गरिएको छ ।

# मिटर ब्याज लगाएर समाज बिथोल्ने लघुवित्त खारेजीको लागि सिंहदरबार घेर्छौं: पीडित

२०७९ भदौं ६ गते ।

काठमाडौं । लघुवित्तिय संस्थाहरुलाई खारेजिको माग राख्दै आउँदो असोज २५ गते देशभरीका लाखौं पीडितहरुले राजधानीको सिंहदरबार घेर्ने घोषणा गरेका छन् । सोमबार 'लघुवित्तिय संस्था विरुद्धको संघर्ष समिति'ले काठमाडौंको संवाद डबलीमा पत्रकार सम्मेलन गरी पीडितहरुको न्याय र लघुवित्तिय संस्थाहरु खारेज नगरे आन्दोलन चर्कने उद्घोष समेत गरेका छन् ।



संघर्ष समितिका केन्द्रीय अध्यक्ष मनिराम ज्ञवालीले कैलालीकी रेश्मा चौधरी लगायतका हजारौंलाई आत्महत्या र लाखौंलाई घरबार विहिन हुन बाध्य पार्ने अमानविय लघुवित्तिय संस्थाहरु नेपाली समाजलाई विकृत बनाउन उदद्त रहेको आरोप लगाएका छन् । ज्ञवालीले देशभरी करिब ५८ लाख लघुवित्तका सदस्य र ३३ लाख ऋणी रहेकोले लघुवित्तहरु अराजकता रोक्न पीडितहरुको ऋण मिनाहा र लघुवित्तहरुलाई खारेज गर्नुको विकल्प नरहेको बताए ।

समाजवाद उन्मुख नेपाली समाज भनेर उद्घोष गरेको वर्तमान सरकारले पीडितहरुलाई न्याय नदिए आफूहरुले सडकबाट न्याय दिन बाध्य हुने चेतावनी दिए । रेश्मा चौधरीलाई आत्म हत्या गर्न बाध्य बनाउने संस्थालाई कारबाही तथा परिवालाई क्षतिपूर्तिको लागि पनि आन्दोलन गर्ने बताउँदै, "लघुवित्तहरुको ज्यादति विरुद्धमा उठेका पीडितहरुको समस्या समाधान गर्ने तिर भन्दा नेपाल लघुवित्त बैंकर्स संघले उल्टै गृह प्रशासनको आडमा पीडित (बचत कर्ता) तथा ऋणिहरुलाई थप समस्यामा पार्ने कोसिसले हामीलाई अझ आन्दोलित हुन बाध्य बनाएको छ" अध्यक्ष ज्ञवालीले अगाडी थपे ।

अध्यक्ष ज्ञवालीले लघुवित्तहरुले १ लाखको ऋण दिँदा सावाँको १५ प्रतिशत ब्याज, ३ प्रतिशत सेवा तथा अन्य शुल्क, त्यही ऋणको १० हजार अग्रिम किस्ता काटेर बाँकी ८५ हजारसम्म मात्रै ऋण पाउने र १३औं महिनामा किस्ता चुक्ता गर्दा करिब ३३ देखि ४० प्रतिशतसम्म चक्रिय ब्याज लिने गरेकोले पीडितहरु आज आत्महत्यासम्म पुग्न बाध्य भएको बताए ।

नेपालको मुलुकी ऐन २०७४ परिच्छेद १५को ४७८को २ उपदफा १ बमोजिम साहुले ऋणीबाट लिन पाउने ब्याजको रकम साँवा रकमको वार्षिक १० प्रतिशत भन्दा बढी नहुने उल्लेख गरिएपनि राष्ट्र बैङकले सो कानुनी प्रावधान मिचेर १५ प्रतिशत ब्याजमा लगानी दिन स्वीकृति दिनुले राष्ट्र बैंकको पनि नियत माथि प्रश्न उठेको पीडितहरुले बताए ।

पत्रकार सम्मेलनमा कैलाली जिल्लाको लम्किचुहा नगरपालिकाकी तारा बराल सिंखाडा, नुवाकोट किच्पाङकी चिरचोम तामाङ र तनहुँ गैरीगाउँकी अमृता थापा र बाराका साहिर पठानले आफूहरु जस्तै हजारौं पीडितहरुले लघुवित्तको ज्यादतीको कारण आर्थिक मात्रै नभएर सामाजिक शोषणको अन्त्यका लागि लघुवित्तहरुको खारेजि र ऋण मिनाहाको आन्दोलनमा सबै एकजुट हुनुपर्ने बताए ।

पीडितहरुले पत्रकार सम्मेलनमा बोल्दै लघुवित्तिय संस्थाहरुले चर्को मिटर ब्याज लिने गरेको मात्रै नभएर, बिना वीमाको व्यवसायिक ऋण त्यो पनि अनुत्पादक क्षेत्रमा मुनाफा केन्द्रीत लगानीमा जोड दिने गरेको आरोप लगाएका छन् । एउटा समूह भित्रको सदस्यहरुलाई दुईभन्दा बढी संस्थाले लगानी नीति विपरित भएपनि धेरैमा लगानी गर्नु, किस्ता उठाउने नाममा सामाजिक बदनामी, लुटपाट र ३ पुस्ते कालो सूचिमा राख्ने डर-धम्कीले ऋणीलाई आत्महत्या गर्न प्रेरित गर्ने कार्य रोक्न सरकारले तत्काल लघुवित्तहरु विरुद्ध कारबाही अगाडी बढाउन माग गरेका थिए ।


**हार्दिक अनुरोध ।**

उच्च ज्वरो आउने, खोकी लाग्ने, घाँटी दुख्ने, सम्पूर्ण शरीर दुख्ने, वान्ता आउने र झाडापखाला लाग्ने लक्षणहरु देखिएमा इनफ्लुएन्जा ए, ९ज्ञल्ज०‌ स्वाइनफ्लु पनि हुनसक्छ । तसर्थ यस अस्पतालमा तथा नजिकको स्वास्थ्य संस्थामा जचाई समयमा नै उपचार गराउनु हुन अनुरोध गरिन्छ ।

नेपाल सरकार
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
टेकु, काठमाडौं

# १३९ अर्ब सहुलियतपूर्ण कर्जा कृषिमा लगानी छ : कृषि सचिव

धनबहादुर मगर

काठमाडौं भाद्र १० कृषि कर्जा मेला /आर एण्ड डी इनोभेटिभ सोलुसन/कृषि विकास बैंक लिको संयक्त आयोजनामा कृषि कर्जामा राष्ट्रिय संवाद कार्यक्रम प्रतिवेदन सार्वजनिकीकरण तथा कृषि कर्जा प्रवाहमा आगामी कार्यदिशा विषयक छलफल कार्यक्रम सम्पन्न भएको छ।

उक्त कार्यक्रमका प्रमुख अतिथि कृषि, पशुपन्छी विकास मन्त्रालयको सचिव डा.गोविन्द प्रसाद शर्माले कृषि उत्पादनमा किन फड्को मार्न सकेन भन्ने कुराको पहिचान गरेर अगाडि



बढ्नु पर्ने बताउनु भएको छ । शर्माले कृषिको जनशक्ति अन्य क्षेत्रमा स्थानान्तरण भइरहेको बताउँदै कृषिमा युवाहरुको सहभागीता विना कृषि क्षेत्रका अगाडि बढ्न नसक्ने बताउँदै कृषिमा श्रम गर्ने जनशक्तिको अभाव र उचित सम्बोधन गर्नु पर्ने खालको वातावरण बनाउनु पर्ने कुरामा जोड दिइएको छ । 'चुनौतीहरु छन् । चुनौतीको वावजुद नेपाल सरकारले केही काम गरेको छ । किसानको नाममा लगेको कर्जा कृषिमै प्रयोग भयो कि भएन ? र लगानी गरेको कर्जा फिर्ता भयो कि भएन ? व्याजदर त महँगो भयो नै त्यस्तो ठाउँमा ऋण लिन किसानहरु तयार भयो कि भएन । किसानहरुले सहुलियतपूर्ण लिएपनि अनुकरणीय हिसावले पेश भएको देखिदैन । अध्ययन अनुसन्धान, अनुगमन र मूल्याङ्कन गर्न सजिलो पार्न मन्त्रालयबाट डिजीटलाईजेशन गर्न गइरेहेको छ । शर्माले बताउनु भयो ।

उक्त छलफल कार्यक्रममा कृषकसम्म कृषि कर्जाको पहुँच पुऱ्याउन कृषि लगानी मैत्री नीति र कृषि लगानीको लागि दीर्घकालीन स्रोतको व्यवस्था आवश्यक रहेको सम्वद्ध विज्ञहरूले औंल्याएका छन् । कृषि कर्जा मेला कार्यशाला सम्बन्धी प्रतिवेदन विमोचन तथा कृषि कर्जा प्रवाहमा आगामी कार्यदिशा विषयक छलफल कार्यक्रममा सरोकारवालाहरूबाट यस्तो विचार व्यक्त गरेका हुन् ।

कृषि कर्जा मेलाकी संयोजक सुष्मा शर्माले कृषि कर्जामा राष्ट्रिय संवादले कृषि कर्जा विस्तारमार्फत कृषि उत्पादन बढाउन नीति निर्माणका लागि सहयोगी बन्ने बताइएका छन् ।

कर्जा मेलाले एउटा गतिलो बैंकलाई कृषकको वास्तविकता बुझ्ने र कृषकले बैंकसँग आफ्नो समस्या र आकांक्षा खुलेर राख्ने अवसर दिएको उल्लेख गरिन् ।

प्रतिवेदन सार्वजनिकीकरण गर्दै कृषि रूपान्तरणका लागि कृषिमा राज्यले दिने सेवा, सुविधा, सर्वसाधारणलाई थलोमै जानकारी गराउन स्थानीय सरकारमार्फत जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, अनुसन्धानमा कृषकलाई पनि सहभागी गराउँदा राम्रो हुने प्रतिवेदनमा जनाइएको छ । साथै विषयगत सहकारीको क्षमता विकास गरिनुपर्ने प्रत्येक स्थानीय तहमा भण्डारण, यान्त्रीकरण, उपजको सहज खपत व्यवस्थापन समेत अत्यावश्यक रहेको निष्कर्ष पनि प्रतिवेदनमा उल्लेख छ । कृषि क्षेत्रलाई व्यावसायिक ढङ्गले अघि बढाउन कृषि कर्जाको पहुँच सहज बनाउन उद्देश्यले एसियामै पहिलो पटक गत २०७८ चैत ९ देखि १२ गतेसम्म चितवनको भरतपुरमा कृषि कर्जा मेला आयोजना गरिएको थियो ।

सार्वजनिक गरिएको मेलाको प्रतिवेदनले आगामी दिनमा सबै निकायले नीतिगत र व्यवहारिक रूपमै कृषिलाई प्राथमिकता दिनुपर्ने, वजेटलाई प्राथमिकताको आधारमा एकद्वार प्रणालीबाट परिचालन गरिनुपर्ने र कृषि कर्जा तथा अनुदान जस्ता कार्यक्रमलाई वैज्ञानिक, सहज सरल, व्यावहारिक र परिणाममुखी बनाउन सरकारदेखि किसानसम्मको लक्ष्य एउटै हुनुपर्ने निष्कर्ष प्रतिवेदनको छ ।

कृषि विकास बैंककी विभागीय प्रमुख विना शर्माको संयोजकत्वमा सम्पन्न प्रश्नोत्तर छलफल कार्यक्रममा नविल बैंकका वरिष्ठ नायब कार्यकारी अधिकृत सुजित शाक्यले आधारभूत तहमा बैंक पुगि नसकेको स्थिति महसुस गरेपछि नबिल बैंकले तल्लो तहमा बैंकलाई लैजानेगरि दिगो बैंकीङ्ग कार्यक्रम शुरु गरेको जानकारी बताउनु भयो ।

शाक्यले देशका दुर्गम स्थानमा शाखा विस्तार, कृषि तालिम आदि चलाइरहेको,'त्यसबाट बैंक आफै पनि सिकिरहेको छ, यसका आधारमा अब थप लगानी गर्नेछ ।'' बताउनु भयो

यस्तै ग्लोबल एलायन्स भ्यालु बैंकिङ्ग एसिया क्षेत्रीय प्रतिनिधि उपेन्द्र पौडेलले बैंकले पारेको असर बारे ठोस विमर्श हुन नसकेको र बैंकको नाफाको होड बाजीमा बैंकमार्फत सामाजिक उत्तरदायित्व पनि बढाउने कार्य पर्याप्त हुन नसकेको धारणा राख्दै २/३ लाख लगानीबाट व्यवसायीहरुले २/३ करोड सम्मको व्यवसाय सम्पन्न गरेको बताउनु भयो । ''दुईतिन करोड लगानी गरेको व्यापारी दुईतिन करोडमा आईपुगेको छ ।'' सन् २०१७ देखि बैंकले हाम्रो

पर्यावरणमा परेको पर्यावरणीय परिवर्तनलाई पनि मध्यनजर गर्दै ग्रीन बैंकको अवधारणा अगाडि सारेका छौं । बैंकहरुको कार्यक्रम पर्यावरणलाई सहयोग पुग्ने खालको आउनु पर्छ । चुरोट र क्यासिनोको कुरा लिएर म कहाँ नआउनु भनेको छु । म निदरल्याण्डमा हुँदा मेरो विचारमा कृषि विकास बैंक स्पेशिलाइजेशनको रुपमा आएको छ । आयत बढीरहेको छ त्यो नबढोस् । "खाद्यान्न र उर्जामा आत्मनिर्भर भइयो भने हामीले धेरै चिन्ता गर्नु पर्दैन ।"

देशमा अहिलेसम्म कृषिको विशिष्टीकृत बैंक छैन । नीति निर्माताको पहिलो प्राथमिकता खाद्य सुरक्षा र दोस्रो मूल्य श्रृंखला बढाउने हुनु पर्ने बताउनु भयो ।

यस्तै नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर आस बहादुर थापाले कृषि र बैंक दुबैको दिगोपन र सकेसम्म सहुलियत पूर्ण कर्जा प्रवाह गर्ने नीति राष्ट्र बैंकको रहेको बताउँदै उनले तर त्यसमा जाने पैसा निक्षेप कर्ताको हो भन्ने कुरालाई वित्तीय संस्थाले होस्मा राख्नुपर्ने बताउनु भयो ।

थापाले राष्ट्र बैंकको प्रतिनिधीको हिसावले "अनुगमन र नियमनकारी निकाय भएकाले कृषि क्षेत्र नेपालीहरुको विशेष क्षेत्र भएकाले कर्जा लगानी गरेका बैंकहरुको अवस्था पनि हेर्नुपर्छ ।" थापाले बैंकमा निक्षेपकर्ताहरुको लगानी हुन्छ भन्ने कुरामा हेर्नु पर्छ र कृषि एउटा महत्पूर्ण क्षेत्र भएकोले आँखा चिम्लिनु पनि हुँदैन । १० खर्व बराबरको माग छ, ४ खर्व उठेको छ । हामीले रिफाइनान्स पुन:कर्जाको रुपमा पनि हेरिरहेको छं । लघुवित्तको क्षेत्रमा पनि राष्ट्र बैंकले नै हेरिरहेको छ । कृषि क्षेत्रमा काम गर्ने कृषकहरुका लागि कम ब्याजमा कर्जा प्रवाह गर्न सक्छ भन्ने कुरा आउन सक्छ । मागहरु तत्काल पूरा नभएपनि छलफलमा अगाडि बढाउन राष्ट्र बैंक कृषि क्षेत्रको प्रवर्द्धन र वित्तिय संस्थाहरुको विकासको लागि काम गर्नेछ ।

कृषि मेशिनरी व्यवसायी संघका अध्यक्ष खोजराज कटुवालले आफूहरु हस्तक्षेपकारी रुपमा कृषिमा अगाडि बढेको बताउनु भयो । ७ वर्ष विदेशमा बसेर लगानी गरेको छ । तर किन सफल भएन , बैंक कृषि ऋण दिन किन डराउँछ । सरकार, किसान , बैंक हामी संवाद हुन सकेन कि, पचिान गरायने समय लाग्यो कि । बैंक डराएको कुरा हामीसाग केही छ । हाम्रो अनुभवहरु एउटा बैंकले किसानले १० वटा गाई पालन गर्नु पऱ्यो भनेर पालिकाल गोठ बनाउने । १० वटा गाई किन्ने , व्यवस्थ ागर्ने । ति किसान सक्षम छन् कि छैनन् भनेर अनुगमन गर्ने । एक वर्षमा एक वटा गाई पालिकालाई बुझाउने, ३०/४० वटा गाई पालेर बस्न पाए विदेश कोही पनि जाँदैन । अनुदान पहुँच वालालले मात्र पाउँने गरेको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सह-सचिव राजेन्द्र शर्माले २० वर्ष अघि र अहिले ५० र ७० को दशकमा ठूलो मात्रामा कृषिमा लगानी बढेको बताउनु भएको छ । मिश्रले १३९ अर्व सहुलियतपूर्ण कर्जामा गएको छ । मागको वर्गीकरण गर्न सके एकै ठाउँमा ल्याउन सक्थ्यो । परिणाममा बढायौं, पहुँच बढाउन सकेन । बैंक कृषिमा लगानी गर्न डराउँछ । बागमती प्रदेश सरकारले आफ्नै किसिमको लगानी गरेको छ । कर्णाली प्रदेशले सहकारी मार्फत लगानी गरेको छ । कृषि कर्जा र प्रविधिको लागि लघुवित्त कोषको अवधारणा आएको छ । कृषि कर्जाको भविष्य राम्रो छ । नीतिगत तहहरुले ध्यान दिनु जरुरी छ ।

कृषि विकास बैंकका महाप्रवन्धक बाबुकाजी थापाले पुजी अभावमा कृषि अगाडि बढ्न नसक्ने बताउनु भएको छ । थापाका अनुसार कृषि लाई व्यवसायिक रुपमा गाउँगाउमा प्रसार हुन जरुरी छ । आयात आफै समस्य होइन । हामीसँग भएको वस्तुलाई बढाई आयतलाइ रोक्न ठूलो कुरो हुने छ । नेपालमा १० खर्वको कृषि कर्जाको माग छ । ४ खर्व को हाराहारीमा राष्ट्र बैंकले १२ प्रतिशत सिलिङ्ग पुऱ्याउनु पर्छ । किसानको उत्पादनमा उचित बजारीकरण भएको छैन । पूँजी लगानी जनताको निक्षेप हो । जहाँनिर सरकार जोडिन आउँछ । ग्रामीण कृषि सरकार बैंक मिलेर जानु पर्छ ।

नविल बैंकका कार्यकारी निर्देशक सुदिप थापाले नविल बैंक फ्रन्टलाइनको रुपमा थियो । बैंक २३२ शाखाबाट २६३ शाखामा विस्तार हुने बताउँदै नेपालको कृषि चुनौतीको रुपमा रहेको बताउँदै खाद्य सुरक्षा भयो भने, धितो होस् नहोस् बंकले दिगो विकासको लागि विशेष गरि कृषिमा केन्द्रीत गरिनेछ । हामी पनि सिकिरहेको अवस्थामा छौं । बुटिक बैंकको रुपमा बैकलाई अब दिगो विकास बैंकको रुपमा चिनाउन प्रयासमा लागिरहेको छ ।

# नेपाल भेटरीनरी एशोसिएसनबाट सरकारप्रति आभारी व्यक्त

काठमाडौं भाद्र ३१ नेपाल भेटरीनरी एशोसिएसनका अध्यक्ष शित्तलकाजी श्रेष्ठले एक विज्ञाप्ति प्रकाशित गरि प्रतिनिधी सभाबाट सन्देश सहित प्राप्त राष्ट्रिय सभाको विद्यायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "पशु स्वास्थ्य तथा पशु सेवा विधेयक २०७६" राष्ट्रिय सभाको बाह्रौं अधिवेशनबाट संशोधन प्रश्चात "पशुस्वाथ्य तथा पशुसेवा विधेयक व्यवसायी परिषद् ऐन २०७९" पारित भएकामा नेपाल भेटरीनरी एशोसिएनले स्वागत गरेकोछ ।

विज्ञाप्तिमा प्रतिनिधी सभाको मिति २०७९ श्रावण ३१ गते पारित भएको उक्त विधेयक माथि हाम्रो गम्भीर ध्यानाकर्षण भएको सन्दर्भमा हामीले विधेयकको नाम, प्रस्तावना, परिषद्को गठन, शैक्षिक उपाधी तथा प्रमाणपत्रको मान्यता लगायत पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय गर्न पाउने प्रावधान माथि संशोधनको आवश्यकता औंल्याएको परिप्रेक्षमा ति सम्पूर्ण विषयहरु राष्ट्रिय सभाको विधायन समितिमा दफावार छलफलका क्रममा सच्याइएको हुनाले नेपाल भेटरीनरी एशोसिएसन सम्मानित राष्ट्रिय सभा प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछ ।

निरन्तर एक महिनाको संघर्ष र ध्यानाकर्षणमा साथ दिनुहुने राष्ट्रिय सभा सदस्य, राजनीतिक दलका नेतृत्वगण लगायत सम्पूर्ण सहयोगी हातहरु प्रति हामी सदासर्वदा आभारी रहने छौं भनिएकोछ ।

हाम्रो खबरदारी आन्दोलनमा साथ दिनुहुने यस एशोसिएसनका सम्पूर्ण सदस्यहरु, नेपाल र बंगलादेशमा भेटरीनरी विधा अध्ययनरत सम्पूर्ण सहयोगी विद्यार्थीहरु धन्यवादका पात्र हुनुहुन्छ । हाम्रो यस पेशागत मोर्चालाई सहयोग पुऱ्याईदिने सञ्चारकर्मी मित्रहरु र सञ्चार गृह प्रति आभारी व्यक्त गरेको छ । अन्त्यमा यस विधेयकको स्वागत गर्दै यसबाट कसैले हार र कसैले जितको रुपमा अर्थ नलगाई नेपालको पशु स्वास्थ्य र पशु सेवा क्षेत्रको हितका लागि सम्पूर्ण शक्ति एकजुट भई पुन: अगाडि बढ्न आव्हान गर्न चाहन्छौं भनिएको छ ।

# केरा खेती बढाउने आवश्यक



काठमाडौं, भदौ ३० नेपालीहरूको महान पर्व दसैं नजिकिँदै छ। मानिसहरूमा हर्ष-उल्लास र खुशी छाउन थालेको छ। धेरैले यो वर्षको दशैं कसरी मनाउने भने बन्दोवस्त गरिसकेका छन्। तर नेपाली केरा उत्पादक किसानहरूमा भने दशैं जति नजिकिँदै छ, उति नै चिन्ता बढ्दो छ।

दसैंका लागि तयार गरेको केरा बिक्री गर्ने समय हुन लाग्यो। २/३ वर्ष अघिका दशैंमा यति बेला केरा बिक्रीका लागि व्यापारीहरूसँग सम्झौता भईसकेको हुन्थ्यो तर, यो वर्ष गाउँमा कुनै पनि केरा किसानकोमा एक जना व्यापारी पनि पुगेका छैनन्। भारतबाट आयातित केरा बिक्री वितरणमा नै व्यापारीहरू मस्त छन्। यो समयसम्म पनि व्यापारीसँग केरा बिक्रीको लागि सम्झौता नहुँदा यस वर्षको दशैं कसरी मान्ने भन्ने चिन्तामा छन्, बर्दियाको गुलरिया नगरपालिका ५का विष्णु लामिछाने।

१० वर्षअघि उत्साहका साथ व्यावसायिक केरा खेती शुरु गरेका उनी अहिले निराश छन्। आम्दानी राम्रो हुने र कम जनशक्तिले समेत खेती गर्न सकिने भएकाले ९ बिघाभन्दा धेरै जग्गा भाडामा लिएर उनले केरा खेती गर्दै आएका छन्। तर पछिल्लो समय भारतीय केराले बजार कब्जा गर्दा व्यवसायनै धरापमा गरेको उनी बताउँछन्।

"केरा किसानहरूको मुख्य आम्दानी हुने समय भनेको दशैं हो। दशैंका लागि भनेर ७/८ गाडी केरा तयार गरेका छौं। तर, केरा किन्न कुनै पनि व्यापारी आएका छैनन्।" उनले दुखेसो गर्दै हलोखबरसँग भने, "अब यो वर्षको दशैं कसरी मान्ने भन्ने चिन्ताले पिरोलिरहेको छ। हाम्रो त आम्दानीको स्रोत भने कै केरा हो। तर यो पटक बिक्री नहोला जस्तो छ।"

गत वर्षहरूमा यतिखेर केरा बिक्रीका लागि व्यापारिहरुसँग सम्झौता भइसकेको हुन्थ्यो। दशैं नजिकिएसँगै अहिले भारतबाट ट्रकका ट्रक केरा आयात भइरहेको छ। तर नेपाली किसानले उत्पादन गरेको केरा भने बोटमै कुहिन थालेको छ। भारतबाट आउने केरा सस्तोमा पाइन्छ त्यसैले पनि यहाँ उत्पादन भएको केराले भारतीय केरासँग प्रतिस्पर्धा गर्न नसक्ने लामिछाने बताउँछन्।

सरकारले किसानको समस्या बुझेर समयमै बजारको ग्यारेन्टी गरिदिनुपर्ने उनले बताए। आज भोलिका लागि तयारी भएको केरा पनि एकदमै सस्तोमा बिक्री गर्नु पर्ने बाध्यता रहेको उनी बताउँछन्। "नेपाली किसानले उत्पादन लागत भन्दा एकदमै सस्तोमा बिक्री गर्नु पर्ने बाध्यता छ" उनले भने, "सरकारले भारतबाट आयात हुने केरालाई रोकेर नेपालका किसानलाई प्रोत्साहन गर्नुपर्‍यो।"

विभिन्न प्रकारका रोग किरा, प्राकृतिक विपद्‌बाट जसो तसो बचेको केरा पनि बिक्री नहुँदा एकदमै समस्यामा परेको उनको भनाई छ। यसरी बर्दिया जिल्लामा मात्र हैन, चितवनका केरा किसानको हालत पनि उही छ। चितवन जिल्ला अझ केरा उत्पादनको हिसाबले अब्बल छ। चितवनमा मात्र वार्षिक १ लाख ७० हजार मेट्रिक टन केरा उत्पादन हुन्छ। दशैंमा केराको माग अत्यधिक हुने हुनाले पनि किसानले दशैं लक्षित गरेर केरा खेती गरेका हुन्छन्।

तर नेपाली उत्पादन बढी भएको समयमा नै भारतीय केरा बजार कब्जा गर्दा नेपाली किसान मर्कामा परेको नेपाल केरा उत्पादक महासंघ तथा चितवनका केरा उत्पादक किसान वेद प्रसाद भट्टराईले बताए। उनले दशैंका लागि ३/४ गाडी केरा तयारी अवस्थामा भए पनि बिक्री नभएको गुनासो गरे। भारतीय केराका कारण नेपाली किसान सधैं मर्कामा परेको उनको भनाई छ।

भारतबाट सस्तो मूल्यमा आयात भईरहेकोले नेपालको उत्पादनले लागत अनुसारको मूल्य पनि पाउन सकेका छैनन्। "भारतीय केराको भन्सार मूल्य सस्तो भए पनि उपभोक्तासम्म पुग्दा महँगो पर्ने गरेको छ भने अर्कोतिर नेपालमा उत्पादित केराको लागत महँगो भएकाले भारतीय केराले नै बजारमा एकाधिकार जमाईरहेको छ।" उनले भने, नेपालमा उत्पादन लागत महँगो पर्न जाँदा भारतीय केरासँग प्रतिस्पर्धा गर्न नसकिने उनी बताउँछन्।

"हामीले भारतीय केरासँग प्रतिस्पर्धा गर्न सक्दैनौं' भट्टराईले भने, "हामीले समयमा मल, सिँचाई, औषधि कहिले पनि पाउँदैनौं। मल जल बिना राम्रो गुणस्तरीय केरा उत्पादन नै हुँदैन। अनि कसरी प्रतिस्पर्धा गर्ने हामीले ?" त्यसैले देशमा उत्पादन भएको केराले बजार धानेका बेला भारतीय केराको आयात रोक्नुपर्ने उनको माग छ।

यता दशैंदेखि छठसम्मका लागि पुग्ने केरा नेपालमै उत्पादन भएको पनि नेपाल केरा उत्पादक संघले जनाएको छ। नेपाल केरा उत्पादक महासंघका अध्यक्ष विष्णुहरि पन्तले दशैंदेखि छठसम्मका लागिसम्म करिब साढे ४ लाख मेट्रिक टन केरा तयारी अवस्थामा छ। "चाडपर्वका बेला नेपालमै उत्पादित केराले बजार धान्छ। त्यही भएर भारतीय केराको आयात आवश्यक छैन। आफ्नै देशमा उत्पादन भएको केराले बजार धान्छ भने किन भारतीय केरा आयात गर्नुर्‍यो।"

सरकारले प्रत्यक्ष रूपमा आयात् रोक्न नसके पनि अप्रत्यक्ष रूपमा रोक्नसक्ने उनले बताए। "हामीले पूरै भारतीय आयात केरो रोक्नुपर्छ भनेका हैन र भारतीय आयातित केरा रोकेर अस्वाभाविक रूपमा मूल्य बढाउन पनि खोजेका हैनौं।" अध्यक्ष पन्तले हलो खबरसँग करा गर्दै भने, "नेपाली उत्पादनले ६० प्रतिशत माग धान्छ भने ४० प्रतिशत आयात् गर्नु पर्ने अवस्था छ। तर, नेपालमा उत्पादन भएकोलेनै माग धान्ने अवस्था छ भने सरकारले थोरै भन्सारमा कडाई गरिदिनु पर्‍यो।"

अहिले नेपालमा उत्पादित केराले ४० प्रतिशत पनि बजार पाएको छैन। त्यसकारण सरकारले भारतीय केरा आयातमा एलसी अनिवार्य गर्नुपर्छ। त्यसो गर्दा अग्रिम पैसा जम्मा गर्नुपर्ने

हुन्छ र भारतीय केराको आयात कम हुन्छ । असोज र कार्त्तिक केरा व्यापारको मुख्य सिजन हो । यो सिजनमा देशभर ३ लाख ५० हजार मेट्रिक टन केराको माग हुन्छ । यही सिजनमा नेपालमै करिब ४ लाख मेट्रिक टन केरा उत्पादन हुन्छ ।

बजार मागभन्दा धेरै केरा नेपालमा उत्पादन हुँदा बजारको सधैं समस्या हुने गरेको छ । उनका अनुसार दैनिक १५-१६ ट्रक केरा भित्रिने गरेकोमा दशैं नजिकिएसँगै भारतबाट विभिन्न नाका हुँदै दैनिक ३० ट्रकभन्दा धेरै केरा आयात भइरहेको छ । केरा उत्पादक संघले पटक-पटक भारतीय केराको आयात रोक्न कृषि मन्त्रालयमा विज्ञप्तिसमेत बुझाउँदै आएका छन् । तर, सरकारले भने केरा किसानलाई बेवास्ता गरेको उनको गुनासो छ ।

अबको २/३ वर्षमा नेपाल केरामा आत्मनिर्भर हुनसक्ने तर बजारको ग्यारेन्टि नहुँदा उत्पादन गर्न डराउँछन् किसान ।

पछिल्लो समय केरा व्यवसायमा युवाको आकर्षण बढ्दो छ । केरा धेरै प्रचलनमा आउने महत्वपूर्ण फलफूल हो । कतिपय अफ्रिकन देशहरूमा यो भातका साटो प्रयोग गरिने बालीमा पर्छ । धान, मकै, गहुँको तुलनामा केरा खेतीबाट राम्रो आम्दानी लिन सकिन्छ । त्यस कारण पनि किसानहरूको रोजाईमा केरा खेती गर्न थालेको छ ।

किसानहरूले चाहेमा अबको २/३ वर्षमा नै नेपाल केरामा आत्मनिर्भर हुन सक्ने महासंघका अध्यक्ष पन्त बताउँछन् । तर, सरकारले बजारको ग्यारेन्टि नगरी दिँदा किसान उत्पादन गर्न नै डराउँछन् । "केरामा नेपाल आत्मनिर्भर हुन समस्या नै छैन ।" उनले भने, "अहिले ६० प्रतिशत उत्पादन हुँदा त किसानको बारीमा कुहिएर खेर गइरहेको छ । सस्तोमा बिक्री गर्छु भन्दा त बजार पाएको छैन । अनि धेरै उत्पादन गरेर के गर्ने ?" उनका अनुसार सरकारले बजार व्यवस्थापन गरिदिए केरामा आत्मनिर्भर हुन समस्या नै छैन ।

तर, बजारको एकदमै समस्या छ । जेठमा मालभोग केरा दर्जनको ९० रुपैयाँ र हरियो केरा "जी नाइन" दर्जनको ६० रुपैयाँमा बारीबाटै बिक्री हुन्थ्यो । तर, भारतीय केराको आयात बढेसँगै अहिले हरियो केरा दर्जनको ३० रुपैयाँ र मालभोग केरा ६० रुपैयाँ दर्जन बेच्नुपर्ने बाध्यता रहेको छ । नेपालमा चितवन, कञ्चनपुर, कैलाली, नवलपरासी, झापा, बारा, मोरङ, सुनसरी, रौतहट, बाँके र बर्दिया लगायत १६ वटा जिल्लामा व्यावसायिक रूपमा केरा खेती हुन्छ ।

# साना किसान विकास लघुवित्त र आरएमडीसी लघुवित्त मर्ज गर्ने सम्झौता

काठमाडौं असोज १, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र आरएमडीसी लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभिने भएको छ । शुक्रबाट एक आपसमा गाभिएर साना किसान आरएमडीसी लघुवित्त वित्तीय संस्थाको नामबाट सञ्चालन हुने गरी जना स्वतन्त्र सञ्चालक रहने व्यवस्था मिलाइएको छ । मर्जर पछि यस लघुवित्त वित्तीय संस्थाको पुँजी कोष रु. ७ अर्बभन्दा बढी हुनेछ भने लगानीमा रहेको कर्जा करिब रु.४३ अर्ब पुग्नेछ ।



प्रारम्भिक समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

मर्जरपछि हुने अन्तरिम सञ्चालक समितिमा खेम बहादुर पाठक अध्यक्ष, डा. शिवराम प्रसाद कोइराला प्रमुख कार्यकारी अधिकृत र ज्योति चन्द्र ओझा प्रमुख कार्यकारी अधिकृत पछिको कार्यकारी पदमा रहने सहमति भएको छ ।

साथै, दुवै संस्थाका संस्थापक समूहबाट २/२ जना, सर्वसाधारण समूहबाट १/१ जना र १ नेपाल राष्ट्र बैंकले अख्तियार गरेको मर्जर सम्बन्धी नीतिको सम्मान गर्दै नेपालको कृषि तथा लघुवित्तको क्षेत्रमा लगानी गर्ने वैकल्पिक एवम् सवल विशिष्टीकृत वित्तीय संस्थाको खाँचो पूरा गर्न र समाजका विपन्न तथा सीमान्तकृत वर्गमा सहज एवम् सरल वित्तीय पहुँच अभिवृद्धिका लागि नेपाल सरकारको एक सशक्त एवम् जिम्मेवार वित्तीय साझेदारको रूपमा स्थापित हुन यो मर्जर गरिएको हो ।

कृषि उत्पादनमा वृद्धि र सहजता,
कृषि यान्त्रीकरणको प्रवर्द्धन र उपयोगिता देश
आत्मनिर्भरताको मूल आधार, कृषि विकासमा नविनम्
सुधार
कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण
प्रवर्द्धन केन्द्र
( CAIDMP)

# मिटर ब्याजी लघुवित्त प्रति पीडितहरु आक्रोशित

'लघुवित्त संघका अध्यक्ष नै मिटरब्याजी छन्, उनकै संरक्षण गृहले गरेको छ'

लघुवित्त बैंकर संघका अध्यक्षकै संस्था राष्ट्र बैंकको कारबाहीमा छ : पीडित

काठमाडौं भाद्र ३० पीडितलाई न्याय दिनुको सट्टा लघु वित्तिय संस्थाहरुको अपराधलाई ढाकछोप गर्न गृह मन्त्रालयले प्रहरी प्रसाशन लगाएर दमन गरेको भन्दै पीडितहरु आक्रोशित भएका छन् । बिहिबार राजधानीको संवाद डबलीमा 'लघु वित्तिय संस्थाविरुद्धको संघर्ष समिति' ले पत्रकार सम्मेलन गरी देशभरी पीडितलाई सरकारले थप पीडा दिएको भन्दै आन्दोलनको स्तरवृद्धि गर्ने चेतावनी दिएका छन् ।

देशभर २६ वटा जिल्लाहरुमा संघर्ष समिति विस्तार गरिसकेको जानकारी दिँदै समितिका अध्यक्ष मनिराम ज्ञावालीले सरकारी दमन बढ्दै गए लघुवित्त खारेजीसम्मको आन्दोलन गर्ने चेतावनी दिए । उनले सरकार र सम्बन्धित निकायले लघुवित्तहरुको जनतामाथिको मिटर ब्याजको ज्यादति नजानेर वा सुनियोजितरुपमै ढाकछोप गरिरहेको र त्यसलाई थप बढावा दिन लागेको बताउँदै भने, "आफ्ना गल्तिहरुलाई ढाकछोप गर्न गृहमन्त्रालय चाहारेका लघुवित्त बैंकर संघको पक्षमै पीडितको ढाड सेकाउन उद्त सरकारले ठूलो मूल्य चुकाउनु पर्नेछ ।"

लघुवित्त बैंकर संघका अध्यक्ष प्रकाशराज शर्माको लक्ष्मी लघुवित्त नै राष्ट्र बैंकको कारबाहीमा परेको बताउँदै ज्ञावालीले भने, "यस्ता मान्छे त अध्यक्ष भएको संघ छ अनि त्यसलाई नै सरकारले किन संरक्षण दिइरहेको छ ।"

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) सचिवालय सदस्य अगस्त अधिकारीले केही दिनअघि राजधानी ताथा पछिल्लो समय देशभरी न्यायका निम्ति आन्दोलनरत पीडितमाथिको सरकारी दमनले थप संघर्ष आक्रामक हुने बताए । "जहाँ दमन हुन्छ त्यहाँ विस्फोट हुन्छ, अब छ किसान संगठन र संघर्ष समिति एकजुट भएर निर्णायक अन्दोलन हुन्छ" उनले थपे ।

मिटरब्याजी लघुवित्तहरुको ज्यादतिविरुद्ध आउँदो असोज २५ गते पीडितहरुले राजधानीको सिंहदरबार घेर्ने घोषणा गरेको जानकारी गराउँदै त्यसबेला सरकारले पीडितहरुको शक्ति देख्ने छ उनले भने ।



संघर्ष समितिका सदस्य तथा पीडित साहिर पठानले लघुवित्तले मिटर ब्याज र साहु तिरिसकेपछि पनि २५ हजारको ४ वर्षमा ७५ हजार बनाएको पीडा र आक्रोस व्यक्त गरे । पठानले देशभरी करिब ५८ लाख लघुवित्तका सदस्य र ३३ लाख ऋणी रहेकोले लघुवित्तहरुको अराजकता रोक्न पीडितहरूको ऋण मिनाहा र लघुवित्तहरुलाई खारेज गर्नुको विकल्प नरहेको बताए ।

पीडितले गुनासो गर्दै भने, लघुवित्तहरुले १ लाखको ऋण दिँदा सावाँको १५ प्रतिशत ब्याज, ३ प्रतिशत सेवा तथा अन्य शुल्क, त्यही ऋणको १० हजार अग्रिम किस्ता काटेर बाँकी ८५ हजारसम्म मात्रै ऋण पाउने र १३ औं महिनामा किस्ता चुक्ता गर्दा करिब ३३ देखि ४० प्रतिशतसम्म चक्रिय ब्याज लिने गरेकोले पीडितहरु आज आत्महत्यासम्म पुग्न बाध्य भएको बताए ।

नेपालको मुलुकी ऐन २०७४ परिच्छेद १५ को ४७८ को २ उपदफा १ बमोजिम साहुले ऋणीबाट लिन पाउने ब्याजको रकम साँवा रकमको वार्षिक १० प्रतिशत भन्दाबढी नहुने उल्लेख गरिएपनि राष्ट्र बैंकले सो कानुनी प्रावधान मिचेर १५ प्रतिशत ब्याजमा लगानी दिन स्वीकृति दिनुले राष्ट्र बैंकको पनि नियत माथि प्रश्न उठेको पीडितहरुले बताए ।

# निर्वाचन आयोगलाई सुकुम्वासी संघले भूमि आयोगको काम नरोक्न आग्रह

काठमाडौं भाद्र ५ अखिल नेपाल सुकुम्वासी संघका अध्यक्ष अमर परियार, उपाध्यक्ष टिकाराम गुरुङले एक विज्ञाप्ति प्रकाशित गरि निर्वाचन आयोगलाई सुकुम्वासी संघले भूमि आयोगको काम नरोक्न आग्रह गरेका छन् । नेपाल सरकारद्वारा गठित राष्ट्रिय भूमि आयोगले देशैभरी स्थानीय तहसँग सम्झौता गरि, जिल्ला आयोग गठन गरि, भूमिहिन, सुकुम्वासी, अव्यवस्थित बसोवासीहरुको लगत संकलन गरि नाप-नक्साको साथै लगत संकलन र नक्सा सम्पन्न भएको ठाउँहरुमा लालपुर्जा वितरण तिब्री रुपमा काम गरिरहेको र नाप-नक्साको काम भईरहेका ठूला ठाउँमा लालपुर्जा वितरणको तयारी भइरहेको अवस्थामा मंसीर ४ गतेको प्रतिनिधी सभा र प्रदेश सभाको निर्वाचन आचार संहिता नलाग्दै, केपी वली सरकारको पालामा नियुक्त गरिएका निर्वाचन आयुक्तहरुको मिलोमतोमा पूरै भूमि आयोग र भूमिहिन, सुकुम्वासीहरुको हक र अधिकारको विरुद्धमा निर्णय गरि भूमि आयोगको सम्पूर्ण काम रोक्ने भन्ने सूचना प्रति हाम्रो संघ घोर आपती प्रकट गर्दछ भनि विज्ञाप्ति जारी गरिएको छ । जबकी निर्वाचन आचार संहिताले लालपुर्जा वितरणमा रोक लगाए पनि छुटलगत संकलन र नाप-नक्सा साथै फिल्डबुक जस्तो कामहरु गर्न रोक लगाउन मिल्दैन । निर्वाचन आयोगले गरेको राजनीतिक र चुनावी आग्रह पूर्वाग्रहमा सञ्चालित भएकाले यो निर्णय भूमिहिन, सकुम्वासी अव्यवस्थित विरोधी छ । अत : यो निर्णय तत्काल सच्याइयोस्, भूमि आयोगले गरिरहेको लालपुर्जा बाहेकको कार्य सूचारु गर्न दिइयोस् जनतालाई हित हुने निर्णय गर्न हामी निर्वाचन आयोग समक्ष ध्यानाकर्षण सहित विनम्र अनुरोध गर्दछौं । विज्ञाप्तिमा जनाएको छ ।

# ^ फ्यानको ३० औं साधारण सभा

काठमाडौं भदौ ३१, पुष्प व्यवसायलाई सरकारले आफ्नो प्राथमिकतामा नराखेको व्यवसायीहरूले गुनासो गरेका छन् । उनले



फ्लोरिकल्चर एशोसिएसन नेपाल (फ्यान)को ३० औं साधारण सभामा बोल्दै अध्यक्ष मीनबहादुर तामाडले सरकारले पुष्प व्यवसायलाई आफ्नो प्राथमिकताको क्षेत्रमा नराखेको गुनासो गरेका हुन् ।

कोरोनाको समयमा कृषिमा सबैभन्दा धेरै क्षति पुष्प व्यवसायमा भएपनि पुष्प व्यवसायी किसानहरूले राहत नपाएको उनले गुनासो गरे । साथै पुष्प क्षेत्रको समस्या सम्वोधनका लागि संघिय स्तरमा एउटा 'पुष्प विकास केन्द्र' खोल्न पनि उनले माग गरे ।

'संघीय निकायमा पुष्प क्षेत्र हेर्ने कुनै पनि निकाय छैन् । जसले गर्दा हामीलाई एकदमै समस्या परेको छ ।' अध्यक्ष तामाडले भने,'७५३ वटै स्थानीय तहमा काम गर्न हामीलाई एकदमै समस्या भएको छ । सरकारी निकायको साथ बिना निजी क्षेत्र अघि बढ्न सक्दैन । त्यसैले कृषि मन्त्रालय मातहातमा रहने गरी एउटा पुष्प विकास केन्द्र खोलौं ।'

यस्तै उनले भारतबाट आयातित अवैध फूल तथा फूलका बिरुवा रोक्न पनि सरकारसँग माग गरे । नेपाली पुष्प क्षेत्रले भारतीय फूलसँग प्रतिस्पर्धा गर्न नसक्ने भन्दै उनले अवैध भारतीय फूल आयातले नेपाली किसान मर्कामा परेको बताए । भन्सार प्रक्रिया पनि पूरा नगरी अवैध तरिकाले ट्रकका ट्रक सस्तोमा फूल आयात् हुँदा नेपाली उत्पादन नबिक्ने अवस्थामा छ । यस्तै नाका चौबिसै घण्टा खुले पनि क्वारेन्टाइन कार्यालय अफिस समयमा मात्र खुल्दा अवैध रूपमा फूल भित्रिरहेको पनि उनले बताए ।

'नाकामा जसरी हुन्छ क्वारेन्टाइन कार्यालय चौबिसैं घण्टा सञ्चालन गरौं । त्यसो गर्दा अवैध रुपमा फूल नेपाल भित्रन पाउँदैन ।' भने ।

यता कृषि तथा पशुपन्छि विकास मन्त्रालयका सह-सचिव डा. राजेन्द्र प्रसाद मिश्रले पुष्प क्षेत्र विकासका लागि मन्त्रालयको पूर्ण सहयोग रहने बताएका छन् । कार्यक्रममा बोल्दै पछिल्लो समय सरकारले पनि पुष्प क्षेत्रमा लगानी गर्न थालेको बताउँदै उनले पुष्प क्षेत्र विकासका लागि मन्त्रालयले सहयोग गर्ने बताएका छन् ।

साथै उनले भन्सार कर वृद्धिको विषयमा छलफल गरेर निर्णय गरिने पनि उनले प्रतिवद्धता व्यक्त गरे । यता नाकामा रहेको क्वारेन्टाइन कार्यालय भने चौबिसै घण्टा सञ्चालन गर्न नसकिने विचार पनि व्यक्त गरे । 'कर्मचारी अभावका कारण क्वारेन्टाइन शाखा चौबिसै घण्टा सञ्चालन गर्न सकिने अहिले अवस्था छैन' उनले भने, 'यसो गर्न आवश्यक छ, तर हामीसँग जनशक्ति कम छ । विस्तारै हुन्छ होला भन्ने आशा गरौं ।'

यस्तै कृषि विभागका उप-महानिर्देशक शान्ता कार्कीले भन्सार कर बढाउने कुरामा वास्तविक तथ्याङकका साथ आउन एशोसिएसनलाई निर्देशन दिएकी छन् । उनले नेपालमा उत्पादित फूलले कति माग धान्छौं भन्ने वास्तविक तथ्याङ्क उपलब्ध हुनसके छलफल गरेर भन्सार कर बढाउन सकिने उनले बताएकी हुन् ।

कार्यक्रममा बोल्दै भनिन्, "भन्सार बढाएर फुल आयात् नहुँदा नेपालमा उत्पादन भएन भने अर्को समस्या उत्पन्न हुन्छ । त्यसैले हामीले उत्पादन गरेको फूलले कति माग धान्न सक्छौं ? भन्ने तथ्याङ्क दह्रो चाहिन्छ । यस विषयमा छलफल गर्न सकिन्छ । विभागको तर्फबाट यसमा के सहयोग गर्न सकिन्छ हामी सहकार्य गर्न तयार छौं ।"

चाडपर्वलाई पुग्ने केरा नेपालमै उत्पादन : भारतीय केराले गऱ्यो बजार कब्जा, नेपाली उत्पादन बोटमै कुहिँदै "अबको २/३ वर्षमा नेपाल केरामा आत्मनिर्भर हुन सक्ने तर बजारको ग्यारेन्टि नहुँदा उत्पादन गर्न डराउँछन् किसान ।"


## हार्दिक अपिल ! हार्दिक अपिल !!

रेल मार्ग विकास गर्दै देशको आर्थिक सामाजिक उत्थानमा टेवा पुऱ्याउने उद्देश्यका साथ मुख्यतः पूर्वपश्चिम रेलमार्ग छिमेकी राष्ट्र भारत र चीनसँग अन्तदेशीय रेलमार्गहरुको निर्माण कार्य रेल विभागबाट हुँदै आइरहेको छ । रेलमार्ग निमार्णलाई छिटो सम्पन्न गरी जनतालाई सुर्वसुलभ यातायात सेवा प्रदान गर्ने कार्यमा सहयोग गर्न रेल मार्गमा घर टहरा हटाईदिने, मुआवजा रकम समयमै बुझिदिने कार्य गरिदिनुहुन हार्दिक अनुरोध छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
रेल विभाग

# अनुगमन गर्न सरकारलाई निर्देशन

काठमाडौं भदौं ३१, सरोकार तथा समन्वय समितिले अखाद्य वस्तुको मिसावट र कालोबजारी रोक्न सरकारका विभिन्न निकायलाई निर्देशन दिएको छ । "बजार अनुगमन, मूल्यवृद्धि नियन्त्रण, उपभोक्ता हित संरक्षण तथा गुणस्तरीय वस्तुको सहज आपूर्तिका" सम्बन्धमा सिंहदरबारमा आज बसेको समितिको बैठकले चाडपर्व नजिकिँदै गर्दा अखाद्य वस्तुको मिसावट र कालोबजारी हुनेतर्फ सजग हुन सरकारलाई आग्रह गरेको छ ।

समितिका सभापति दिलकुमारी रावल थापा 'पार्वती'ले बैठकमा अन्तरमन्त्रालय र तीन तहका सरकारको समन्वयमा बजार अनुगमन गरि अहिले भइरहेको मिसावट र कालोबजारी गर्नेलाई कारबाही गर्न सम्बन्धित निकायलाई निर्देशन दिएको बताइन् ।

उनले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र नेपाल गुणस्तर तथा नापतौल विभागलाई समितिमा बोलाएर खाद्यान्न वस्तुमा अखाद्य पदार्थ मिसाउन र कालोबाजारी गर्नेलाई कारवाही गर्न निर्देशन दिएको जानकारी दिइन् । उनले एकीकृत अनुगमन टोली बनाई बजार अनुगमन गर्नुपर्नेसमेत बताइन् । "चाडपर्वको समयमा सर्वसाधारणलाई झुक्याउन अखाद्य वस्तु मिसावट र धेरै मूल्यमा वस्तु बिक्री गर्ने गरेका हुन्छन ।", उनले भनिन्, "अनुगमन गरी बजारलाई नियन्त्रण गर्नुपर्दछ ।"

समितिका सदस्य खिमलाल भट्टराईले खाद्य वस्तुमा कृतिम अभाव खडा गर्ने भएकाले सचेत हुनुपर्ने बताए । उनले चिनी, खसी, बोका, भेडा, च्याङ्ग्राको सहज उपलब्धता हुनुपर्ने भन्दै होटेल रेन्टुराँको पनि नियमित अनुगमन गर्नुपर्ने खाँचो औंल्याए ।

समिति अर्का सदस्य इन्दिरा गौतमले अखाद्य वस्तु बेच्नेलाई हदैसम्मको कारवाही गर्नुपर्ने बताइन् । उनले स्वदेशी केरा र स्याउलाई प्राथमिकतामा राख्नुपर्ने भनाई राखिन् । अर्का सदस्य जयन्ती राईले बजारमा अखाद्य वस्तु बेच्ने गरेको पाइएको जनाउँदै अनुगमन हुन नसकेको गुनासो गरिन् । "व्यापारीले मनपरी वस्तुको मूल्य लिएका छन् । सरकारले अनुगमन गर्न सकेको छैन ।" उनले भनिन्, "अहिले दैनिक र अरु बेला साप्ताहिक रुपमा अनुगमन गर्नुपर्दछ ।"

समितिका अर्का सदस्य रामचन्द्र रायले सरकारले ल्याएको नीति, नियम कार्यान्वयन नगरेको हुनाले बजारमा विचौलिया बढेको



बताए । उनले सुपथ मूल्यका पसल सञ्चालन गर्नुभन्दा मूल्य नियन्त्रणमा ध्यान दिनुपर्ने भनाई राखे । समितिका सदस्य इन्दु कँडेलले बजार अनुगमन नहुँदा व्यापारीको मनोमानी बढेको बताइन् । उनले सुपथ मूल्यका पसलमा धनी वर्गको मात्र पहुँच बढेको जनाउँदै नेपाल भारत सीमा क्षेत्रमा अखाद्य वस्तु बढी मिसावट हुने गरेको बताइन् ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा.तोयनारायण ज्ञवालीले मन्त्रालयको क्षमताअनुसार बजार अनुगमनलाई प्रभावकारी बनाइने जानकारी दिए । उनले वैशाखयता एक हजार चारसय व्यापारी फर्ममा अनुगमन गर्दा रु.८३ लाख ११ हजार राजस्व संठलन गरिएको बताए ।

उपभोक्ता संरक्षण विभागका महानिर्देशक महेश भट्टराईले अगामी असोज २ गतेबाट १० संयुक्त अनुगमन टोलीले बजार अनुगमन गर्ने जानकारी दिए । उनले अखाद्य वस्तुको मिसावट र कालोबजारी बारे सर्वसाधारणलाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने बताए ।

उनका अनुसार यही भदौ ३० गते पाँच सय ५६ व्यापारी फर्ममा अनुगमन गर्दा एकसय सात व्यापारी फर्मबाट अखाद्य वस्तु र म्याद गुज्रेका सामान बरामद गरी २१ लाख जरिवाना गरिएको थियो ।

नापतौल विभागका महानिर्देशक दिनानाथ मिश्रले नापतौलका सामग्रीको नियमित अनुगमन गरिरहेको जानकारी दिए ।

# कृषि र गैरकृषि जग्गा वर्गीकरणमा कठिनाई

काठमाडौं भाद्र २४ कृषि र गैरकृषि जग्गा स्थानीय तहले वर्गीकरण गर्न नसकेकाले मालपोत जग्गा रजिष्ट्रेशनको काममा कमी आएको छ । भू-उपयोग नियमावली अनुसार स्थानीय तहमा निर्माण भएको स्थानीय भू-उपयोग परिषद्ले समयमै आफ्नो काम नगरेकाले सो समस्या देखिएको भूमिसुधार तथा मालपोत कार्यालय मोरङका प्रमुख दीपक कोइरालाले जानकारी दिए ।

स्थानीय तहले कृषि र गैरकृषि जग्गाका रूपमा वर्गीकरण नगर्दा जग्गा रजिष्ट्रेशन एव्र कित्ता काटका क्रममा सेवाग्राहीले आर्थिक भार व्यहोर्नु परेको जानकारी दिँदै प्रमुख कोइरालाले भने, "स्थानीय तहले समयमै आफ्ना काम गर्न सकेमा सेवाबाट बञ्चित सेवाग्राहीलाई लाभ लिन सजिलो हुन्थ्यो ।" मुलुकमा संघीयता लागू भएपछि मालपोत कार्यालयमा प्राप्त हुने राजस्व स्थानीय तहमा पनि प्रतिशतको हिसाबले जाने व्यवस्था हुँदा-हुँदै पनि जनप्रतिनिधिले समयमै काम नगरेको सो कार्यालयको भनाई छ ।

कृषि प्रयोजनका लागि दुई कठ्ठा र घरघडेरीका लागि कम्तिमा आठ धुरभन्दा काम जग्गाको कित्ताकाट नहुने कानूनी व्यवस्था भएकाले यसमा परिषद्ले जनताको मर्कालाई ध्यान दिनु जरुरी रहेको प्रमुख कोइरालाको भनाई छ ।

गएको वर्ष साउन महिनामा दुई हजार ६९४ वटा लिखत पासबाट रु सात करोड ५७ लाख राजस्व रजिष्ट्रेशन वापत उठाउन सफल भएको यो कार्यालयले चालु आर्थिक वर्षको साउन महिनामा दुई करोड ४२ लाख मात्र राजस्व संकलन गरेको छ ।

आर्थिक वर्ष २०७८/०७९ मा कुल रु.एक अर्ब ३२ करोड ५५ लाख राजस्व कार्यालयले उठाएको थियो । कार्यालयले अहिले लेखापढी व्यवसायीलाई परिचयपत्र अनिवार्य रूपमा बोक्न, सेवा वापत लिइने शुल्कको सूची राख्न र प्रक्रिया पूरा गरेर मात्र सेवाग्राहीको काम थाल्न सबै कर्मचारीलाई निर्देशन पनि दिएको छ ।

# जग्गा वर्गीकरणमा समस्या

कहिले खुल्ला देशैभरि सरकारले जारी गरेको नयाँ भू-उपयोग नियमावली अनुसार आफ्नो क्षेत्रभित्रको जग्गा वर्गीकरण गर्ने क्रममा विभिन्न खाले जटिलताहरू देखापरेको कतिपय स्थानीय तहका प्रतिनिधिहरूले बताएका छन् ।

विशेषगरी देशका विभिन्न शहरी क्षेत्र एवं शहरोन्मुख स्थानका स्थानीय तहहरूलाई जग्गा वर्गीकरणमा सकस परेको देखिएको छ ।

सरकारले गत जेठ पहिलो साता नयाँ भू-उपयोग नियमावली जारी गर्दै त्यसको कार्यान्वयनका लागि सम्बन्धित निकायहरूलाई परिपत्र गरेको थियो ।

त्यसपछि उक्त नियमावलीका प्रावधानका कारण देशैभरि जग्गा किनबेच तथा अंशबण्डा प्रभावित भएको गुनासो समेत आएको थियो । यद्यपि कतिपय स्थानमा वर्गीकरणमा समस्या देखापरेको गुनासो आइरहेका बेला कैयौं स्थानीय तहहरूले जग्गा वर्गीकरण गरेर त्यसको विवरण आफूहरूलाई पठाउन थालेको भूमि व्यवस्थापन तथा अभिलेख विभागले जनाएको छ ।

नयाँ नियमावलीको व्यवस्था :

नयाँ नियमावलीले जग्गाको वर्गीकरण नगरी कित्ताकाट गर्न नमिल्ने व्यवस्था गरेको छ भने स्थान अनुसार कस्तो जग्गा कति मात्रामा कित्ताकाट गर्न मिल्छ भन्ने पनि तोकेको छ । उक्त व्यवस्था कार्यान्वयन गराउन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गत जेठ पहिलो साता एउटा निर्णय गर्दै सम्बन्धित निकायहरूलाई पत्राचार गरेको थियो ।

त्यसमा कृषि तथा गैर कृषि क्षेत्र भनेर वर्गीकरण नभएका जग्गा धितो राखेर वित्तीय संस्थाहरूबाट कर्जा पनि लिन नपाइने उल्लेख गरिएको थियो ।

जग्गा वर्गीकरण :

नियम अनुसार स्थानीय तहमा रहने भू-उपयोग परिषद्को सिफारिसमा जग्गाहरू विभिन्न १० खाले समूहमा वर्गीकरण हुने छन् ।

त्यसरी वर्गीकरण गरिएको जग्गालाई अर्को वर्गमा रूपान्तरण गर्नुपरेमा तीनवटै तहका सरकारबाट निर्णय हुनुपर्ने व्यवस्था नयाँ नियमावलीमा छ ।

नयाँ नियमका कारण जग्गा कित्ताकाट र किनबेच प्रभावित भएको गुनासो

जग्गा वर्गीकरण र कित्ताकाटबारे थाहा पाउनैपर्ने चार मुख्य कुरा

त्यस्तै नयाँ नियमावलीले वर्गीकरण अनुसार कुन क्षेत्रको जग्गा कति क्षेत्रफलभन्दा कममा कित्ताकाट गर्न नपाउने भन्ने व्यवस्था पनि गरेको छ ।

नियमावलीले धनीपुर्जामा भू-उपयोगको वर्गीकरण पनि खुलाउनुपर्ने व्यवस्था पनि गरेको छ ।

वर्गीकरणमा देखिएका समस्या :



भू-उपयोग नीति, ऐन र नियमावलीले प्राविधिक विश्लेषणका आधारमा जग्गाको वर्गीकरण हुनुपर्ने मान्यता राख्छन् ।

तर विशेषगरी काठमाडौं उपत्यकासहित देशैभरिका शहरी क्षेत्र एवं शहरोन्मुख क्षेत्रमा स्थानीयवासीले खेती भईरहेका जग्गाहरूलाई पनि कृषि क्षेत्रमा वर्गीकरण गर्न नमानेको स्थानीय तहका पदाधिकारीको गुनासो छ ।

ललिलपुरको गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जन भन्छन्, "हामीले वर्गीकरण गर्न खोजेको निकै जटिल रहेछ । केही जटिलताहरू देखापरेका छन् ।

भक्तपुर औद्योगिक क्षेत्र :

नगर कार्यपालिकाबाट निर्णय गराएर वडाहरूलाई आ-आफ्नो क्षेत्रको प्रतिवेदन दिनु भनेका छौं । तर, अधिकांश मानिसहरू आफ्नो जग्गा कृषि क्षेत्रमा नपारियोस् भन्ने चाहन्छन् । वडाअध्यक्षहरू पनि त्यसलाई काट्न सक्दैनन् । बाँझो जग्गा उपयोग गर्न सके आयात घट्छु

कानुन नबन्दै जग्गाको कित्ताकाट खुला :

काठमाठौंमा ४४ हजार रोपनी जग्गाको कित्ताकाट फुकुवा गर्ने प्रस्ताव

उनका भनाईमा शहरोन्मुख भएकाले नगरपालिका भित्रका खेती भईरहेका जग्गालाई पनि मानिसहरूले आवासीय क्षेत्रमा राख्न चाहेका छन् ।

जनप्रतिनिधिहरूले पनि त्यसलाई नकार्न नसक्दा र स्थानीयवासीलाई बुझाउन नसक्दा जटिलता उत्पन्न भएको उनको भनाई छ ।

यस्तो वर्गीकरण १० वर्षअघि हुनुपर्थ्यो । अहिले आएर वैज्ञानिक वर्गीकरण गर्छु भन्दा सम्भव छैन । मानिसहरूले सँगैको जग्गा घडेरीमा महँगोमा बिक्री भएको देख्दादेख्दै कसरी आफ्नोलाई कृषि क्षेत्रमा राख्न चाहन्छन् ?

भक्तपुरको चाँगुनारायण नगरपालिकामा पनि त्यस्तो मत र समस्या रहेको त्यहाँका नगर प्रमुख जीवन खत्री स्विकार्छन् ।

यद्यपि त्यसलाई समाधानको प्रयास भईरहेको र जनतालाई बुझाएपछि उनीहरूले मान्ने उनको बुझाइ छ ।

'मानिसहरूले नबुझेर मात्र कृषि क्षेत्रमा राख्नुहुन्न भन्ने मत जाहेर गरेका हुन् । कृषिमा राख्दा पनि फाइदा छ र प्राविधिक रूपमा पनि त्यो ठिक हो भन्ने बुझेपछि समस्या आउँदैन् ।

उनले नगर क्षेत्रमा प्राविधिक रूपमा कुन स्थानलाई कुन क्षेत्रमा कसरी वर्गीकरण गर्ने भनेर आफूहरूले विभागका प्राविधिकहरूको पनि सहयोग लिइरहेको बताए ।

जग्गा वर्गीकरण गरिसकेको दाङको तुलसीपुर उप-महानगरपालिकाकी उप-प्रमुख स्यानी चौधरीका अनुसार उक्त स्थानीय तहमा पनि शुरुमा त्यस्तै समस्या देखिएको थियो ।

शुरुमा कुरा नबुझेर मानिसहरूले आफ्नो जग्गा कृषि क्षेत्रका रूपमा वर्गीकरण गर्न नमान्ने अवस्था पनि बनेको थियो ।

हामीले हरेक वडा र टोलमा पुगेर कुरा बुझायौं । कृषि क्षेत्रमा राख्दा पनि यस्ता सुविधाहरू पाइन्छन् र त्यसको फाइदा यस्तो छ भनेर जानकारी दिएपछि उहाँहरू मान्नुभयो ।

एकैखाले वर्गीकरण :

उपत्यकाभित्रका स्थानीय तहहरूले गरेका जग्गाको वर्गीकरण हेरेका भूमि व्यवस्थापन तथा अभिलेख विभागका एक अधिकारीका भनाईमा अधिकांशले जग्गाको एकैखाले वर्गीकरण गरेको देखिएको छ ।

उपत्यका र शहरी क्षेत्रका स्थानीय तहहरूले विशेषगरी कृषि क्षेत्र भनेर कुनै पनि जग्गालाई वर्गीकरण नगर्न खोजेको जस्तो त्यसले देखाएको उनले बताए ।

यद्यपि शहरी क्षेत्र नजिक र सहरी स्थानीय तह अन्तर्गत पर्ने उल्लेख्य कृषि क्षेत्र रहेको ती अधिकारीको बुझाई छ ।

बाँझो जग्गा उपयोगमा ल्याउने गाउँपालिकाको नयाँ जुक्ति

जग्गा वर्गीकरण गरिसकेका नगरपालिकाहरूको विवरण हेर्दा पनि उनीहरूले विशेषगरी अधिकांश क्षेत्रलाई व्यापारिक र आवासीय क्षैत्रमा जग्गा वर्गीकरण गरेको देखिन्छ ।

त्यसको कारण कृषि क्षेत्रमा आफ्नो जग्गा वर्गीकरण गर्दा लाभ पाइँदैन भन्ने मानसिकता रहेको धेरैको बुझाई भएको स्थनीय तहका जनप्रतिनिधिहरू बताउँछन् ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका प्रवक्ता जनकराज जोशी भने त्यस्तो बुझाई गलत भएको बताउँछन् ।

'कृषि क्षेत्रमा वर्गीकरण भएपनि त्यसका लागि तीन तहका सरकारले विभिन्न सुविधाहरू तोकेका छन् । 'आवासीय क्षेत्रमा तत्काल फाइदा होला तर दीर्घकालीन रूपमा कृषि क्षेत्रले फाइदा धेरै पाउने अवस्था बन्छ ।''

'खेतीयोग्य भूमि बाँझो राखे जरिवाना गरिने' जग्गाको कित्ताकाट फेरि खुल्यो, मन्त्री भन्छिन् 'पहिलेको निर्णय त्रुटिपूर्ण

तराईका सयौं गाउँमा भूमि वगीकरण :

उनी व्यापारिक तथा आवासीय क्षेत्रको कर धेरै लाग्नेमा कृषि क्षेत्रको कर पनि कम लाग्ने भएकाले त्यस्तो जग्गा हुनेलाई फाइदा पुग्ने ठान्छन् ।

हालसम्म कति स्थानीय तहहरूले जग्गाको वर्गीकरण गरिसके भन्ने यकिन विवरण भने विभाग र मान्त्रालयसँग आइनसकेको अधिकारीहरूको भनाई छ ।

# कृषियोग्य जमीन जोगाउन सरकार अगाडि बढ्यो

काठमाडौं भाद्र २६ सहरी तथा शहरोन्मूख क्षेत्रमा क्रमशः कृषियोग्य जमीन घट्दै गएको पाइएपछि सरकारले त्यसलाई नियन्त्रण गर्ने लक्ष्यका साथ जमीनलाई विभिन्न १० भागमा वर्गीकरण गर्ने नीति पूर्णरुपमा कार्यान्वयन गर्ने भएको छ । ठूलो मात्रामा कृषि उपजको आयात गर्नुपर्ने अवस्थाको सिर्जना भएपछि गरि जग्गाको सुरक्षाका लागि बाध्य भएर नै यस्तो व्यवस्था गर्नुपरेको जानकारी दिइन् । भू-उपयोग ऐनअनुसार गरिएको व्यवस्थालाई पूर्णरुपमा कार्यान्वयन गर्न प्रदेश तथा स्थानीय सरकारलाई आग्रह गरिसकिएको बताइन् । सरकारले कृषि, आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र,



वन क्षेत्र, नदी खोला, ताल, सिमसार, सार्वजनिक उपयोगको क्षेत्र, सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र र नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्रका रुपमा जग्गाको वर्गीकरण गरेको छ । कृषिबाली उत्पादन पशुपक्षीपालन, फार्महाउस, मत्स्यपालन, माहुरीपालन, रेशम खेती लगायतका कृषिजन्य उत्पादन क्षेत्र, वागवानी वा वनबाटिका, जडीबुटी र कृषि वनका लागि प्रयोग भएको वा हुनसक्ने जग्गा सम्झनु पर्नेछ । जताततै कंक्रिटको जङ्गल मात्रै विस्तार भएको पाइएपछि राष्ट्रिय हित र चासोलाई हेरेर सरकारले जग्गाको वर्गीकरण गरेको मन्त्री श्रेष्ठको भनाई छ । खाद्य पदार्थ उत्पादन हुने क्षेत्रलाई सुरक्षित गर्ने र अन्य क्षेत्र तोकिएका स्थानमा जे कामका लागि तोकिएको हो, सोही गर्ने गरि प्रबन्ध गरिएको छ ।

कृषियोग्य जमीनमा सकेसम्म घर तथा आवासस्थल बनाउन नदिने गरी सरकारले त्यस्तो व्यवस्था गरेको हो ।

एकातिर कृषियोग्य जमीन घट्दै जाने अर्कोतर्फ विदेशबाट आयात भएको विप्रेषणसमेत क्रमश : उपभोग्य वस्तुको आयातमानै खर्च हुने विकराल स्थिति देखिएपछि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले भू-उपयोग ऐन, २०७६ मार्फत जग्गाको वर्गीकरण गरेको हो । त्यसका लागि मन्त्रालयले पृथ्वीनारायण शाहको भनाईलाई आदर्श वाक्यका रुपमा राखेको छ । ''खेत बन्या जग्गामा घर भयो पनि घर अन्त जग्गामा सारी कुलो काटी खेत बनाई आवाद गर्नु'' भन्ने राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको प्रख्यात भनाईका आधारमा जग्गाको वर्गीकरण गरिएको मन्त्रालयको भनाई छ ।

भूमि व्यवस्था, सहकारी एवं गरिबी निवारणमन्त्री शशी श्रेष्ठले खेतीयोग्य जमीन घर तथा आवासका लागि मात्रै प्रयोग हुने र खाद्य पदार्थ आयातका लागि मात्रै ठूलो मात्रामा धनराशी खर्च हुने गरेको अवस्थालाई मध्यनजर

स्थानीय तहलाई आगामी मंसीरभित्र जग्गाको वर्गीकरण गरी सम्बन्धित नापी तथा मालपोत कार्यालयलाई जानकारी गराउन भनिएको छ । यसबाट जग्गाको रक्षा हुने र जुन प्रयोजनाका लागि जग्गा छुट्याइएको हो, सोही कामका लागि मात्रै उपयोग हुने सरकारको विश्वास छ ।

# भूमिहिन सुकुम्वासी माथि अन्याय भयो : मन्त्री श्रेष्ठ

धनबहादुर मगर

काठमाडौं असोज ३ राष्ट्रिय भूमि अधिकार मञ्च नेपालको राष्ट्रिय परिषद् भेलाको अवसरमा परिषदका प्रमुख अतिथि भूमि व्यवस्था तथा सहकारी मन्त्री शशी श्रेष्ठले निर्वाचन आयोगले वजेट र कार्यक्रममा समावेश भएको कार्यक्रमलाई समेत आचार संहिताको नाममा रोकेर भूमिहीन तथा सुकुम्वासी माथि अन्याय गरेको बताउनु भयो ।

विश्वकै इतिहासमा संविधान सभाबाट संविधान बनेको दिन हो । संविधान दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछु । शशी श्रेष्ठले भन्नु भयो । अझै अधिकार प्राप्त गर्न सशक्त भएर अगाडि बढ्न आग्रह गर्दछु । संविधानमा लिपिवद्ध भएका नागरिक अधिकार अगाडि बढेको छ । लामो समयको लागि म आएको थिएन । म जनताको कुरा नसुनिकन जानु मलाई मन छैन । तपाईहरु भुईं तहमा काम गरिरहनु भएका आचार संहिता लागेपछि अहिलेको परिस्थितिले भूमिहिन सकुम्वासी भूमिहिन दलितका लागि अन्याय भएको छ । गैर-स्वमित्व अन्त हुनपर्छ । भूमिको पूर्ण रुपमा समुचित रुपमा उपयोग गर्न नसक्नु कृषियोग्य जमीन उपयोग खण्डीकरण गर्नु । राष्ट्रिय अभियानको रुपमा अगाडि बढेको कार्यक्रम निर्वाचनसँग कुनै पनि सम्बन्धित थिएन । दुःखको कुरा पीडामा रहेको नागरिकहरुलाई लालपुर्जा वितरण गर्नु थियो । भूमि हीनताको अवस्था कसरी सिर्जना भयो । निर्वाचन आचार संहिता घोषणा नभएको अवस्थामा निर्वाचन आयोगले कुनै पनि काम पूरा हुन नपाउँदै बन्द गर भन्यो । आलिसान महलमा हुनेलाई यो समस्या थाहा छैन । नियमित कामलाई पनि नगर भनेर निर्वाचन आयोगलाई पनि गलत सूचना दियो होला ।

भूमि आयोग जानु पर्दछ । भोटको राजनीति गर्ने दिन गए । झुठो कुरालाई बनाएर, पूँजीवाद पूँजीसँग भोट साट्न पाइदैन । नैर्सगिक अधिकार प्राप्त गर्ने मानव अधिकार हो । २०२१ सालदेखि समस्या थियो । लक्ष्य र कार्यक्रम थिएन । राज्यको दायित्व ठानेर कार्यक्रम भू-उपयोग ऐन २०७६ सालमा आयोग बन्यो । जमीनलाई खेतीयोग्य उपयोग गर्ने नियमावाली ल्याएर कार्यन्वयन गर्ने तहमा गएको छ । २ वटा कृषियोग्य र गैरकृषि जग्गा छुट्याउन भू-उपयोग नियमावाली कारवाही गर्न जरुरी छ । कृषि उत्पादन बालुवामा पानी खन्याए जतिकै हुन्छन् । कृषियोग्य जमीनलाई गैर-कृषि जमीनमा गयो भने यो भोलीको हाम्रो भविष्य के हुनेछ । ऋणमोचन गर्ने काम भयो । हरुवा चरुवा हलियाको स्थिति जटिल छ । अवैध घोषणा गरि परिपत्र पनि जारी गरेका छौं । गरिब घर परिवार पहिचान गरि राज्यबाट सुविधा पाउने गरि सुविधा प्रदान गरेका छौं । सहिदका सन्ततीहरुका लागि रोजगारमूलक कार्यपालिका जस्ता कार्यक्रमहरु राष्ट्रघाटी कुरा छ भने त्यो कुरा गरिदैन । मधेश प्रदेशमा कर्मचारी जानै मान्दैन ।

खाद्यका लागि कृषि अभियानका संयोजक सदियौं देखि पुर्खाले बचाई राखेको बिउ हामीसँग छैन । बिउ भूमि वितरण गर्न नयाँ ढंगले छलफल गर्नेछ । १० वर्ष पछि ४० प्रतिशतमा किसानको संख्या घटाउने लक्ष्य राखेको छ । कृषिबाट सकारात्मक योगदान दिनुपर्थ्यो, दिन सकेनन् ।




किसानको पक्षमा नागरिक संगठन हो । प्राकृतिक स्रोत साधानसँग मिलेर काम गर्नेहरु एकजुट हुनु पर्छ । भूमि बिना कुनै पनि कुरा पूरा हुँदैन । राज्यले भार लिने गरेको छ । वन मन्त्रालय समस्यासँग हटेर सुख पाउँछ होला ? किसानहरुले पानी, भूमि, वन सुरक्षित गरेको भए राष्ट्रिय निकुञ्जले भूमिहिन आदिवासी जनजातिहरुको अवस्था राज्यले सुनिरहेको अवस्था छैन । प्राकृतिक स्रोतमा लाग्ने संगठनात्मक समस्या समाधान गर्न राज्यको नीतिले ल्याएको छ । वन क्षेत्र निजी धन्याद्यहरुलाई सुम्पने प्रपञ्च रचेको जस्तो लाग्छ ।

राष्ट्रिय भूमि आयोगका अध्यक्ष केशव निरौलाले आयोगले गरेको काम अगाडि बढेको अवस्थामा निर्वाचन आयोगबाट राज्यले तलबाट समस्या समाधान गर्न चाहन्छ । गरेको कामहरु आशा र विश्वास गराउन चाहन्छु । फेरि काम गर्न पाएन भने फेरि लामो समय लाग्नसक्छ । अचानक निर्वाचन आयोगको निर्देशनमा अभियानमा अगाडि बढ्न म विश्वास दिलाउन चाहन्छु । भूमि अधिकारसँग अभियन्ताहरु ढुक्क हुनुहोस् । यहाँसम्म ल्याएको विधि र कानूनहरु कार्यन्वयन गराउने विश्वास गर्न चाहन्छु ।

हाम्रा अनुभवहरुले शक्ति दिनेछ । भूमि अधिकार प्राप्त गर्ने आभास लोकतन्त्रमा मात्र सम्भव हुन्छ । यो लोकतन्त्रको गहना हो । जबसम्म भूमिमा श्रमजीविले न्याय पाइदैन । तबसम्म आवाज उठीरहन्छ । नापी कार्यालयको कर्मचारीको कारण प्रोत्साहन हुन सकेन पूँजी हेरेर फर्किनु परेको अवस्था छ । सानो ढुंगामा ४/५ वटा चुलो बनाएर बसेका छन् । समय सीमा र दक्ष जनशक्तिको अभाव छ ।

भूमि विज्ञ, जगत देउजाले धेरै संघर्ष पछि यो अवस्था आएको बताउनु भयो । आन्दोलन नभएको भए यो अवस्था आउने थिएन । धेरै जकडिएको अप्ठेरो खालको समस्या हो । केही संगठनहरुबाट मात्र सम्भव छैन । सबै क्षेत्रको समस्या हुन र सकारात्मक ढंगमा गएर समाधान गर्न जरुरी छ । सहजीकरण गरि समाधान गर्न जरुरी छ । कानुनमै १० वर्ष बसी सकेकोलाई नउठाउने भनेर व्यवस्था भएपछि स्थानीय पालिकाले उठीवास लगाउने होइन । कृषि उत्पादन र गरिबी निवारणमा सहयोग पुऱ्याउने हाम्रो उद्देश्य छ । छोटै अवधिमा मन्त्रीज्यूले धेरै महत्वपूर्ण कार्य गरेका छन् ।

# ४२ औं विश्व खाद्य दिवसको कार्यक्रम बारे जानकारी गराउने कार्यक्रम



मिति २०७९ साल असोज ६ गते पत्रकार महासंघको कार्यालय चितवनमा पत्रकार सम्मेलन सम्पन्न भएको छ। खाद्यका लागि कृषि अभियान र सम्वद्ध संस्थाहरुको आयोजनामा पत्रकार सम्मेलन सम्पन्न भएको हो । कार्यक्रममा खाद्यका लागि कृषि अभियानका संस्थापक संयोजक तथा कृषि अभियन्ता डा.कृष्णप्रसाद पौडेल राष्ट्रिय कृषक समूह महासंघकी महासचिव रिता वास्ताकोटी, कृषक समूह महासंघ चितवनका पदाधिकारी, जिल्ला प्राङ्गारिक संघ, चितवनका पदाधिकारी, विभिन्न राष्ट्रिय, स्थानिय पत्रपत्रिका, रेडियो र टेलिभिजनका पत्रकारहरुको उपस्थिति रहेको थियो । "उत्पादन, पोषण र वातावरणमा सुधार M सुखी जीवनको आधार" भन्ने नारासहित सञ्चालन गर्ने कार्यक्रमको जानकारी दिने उद्देश्यले पत्रकार सम्मेलन गरिएको हो ।

कार्यक्रममा विश्वमा अहिले भैरहेको प्रकृतिको दोहन, जलवायु परिवर्तन, खनिज उर्जाको उच्च खपत, कृत्रिम रसायन तथा विषादीको अत्याधिक र अव्यवस्थित प्रयोगले मानिस, माटो साथै प्रकृतिको स्वास्थ्यमा पारेको व्यापक असरबारे चर्चा गर्दै यस्ता संकटबाट बच्न सबै लाग्न आवश्यक रहेको बताइएको थियो । खाद्यका लागि कृषि अभियानको सचिवालयको तर्फबाट अभियानको बारेमा तथा विश्व खाद्य दिवसको अवसरमा गरिने कार्यक्रमको बारेमा जानकारी गराइएको थियो भने राष्ट्रिय किसान समूह महासंघकी महासचिव रिता बस्ताकोटिले खानाका लागि खेतिपातीको साझा संकल्प पढेर सुनाउनु भएको थियो । आयोजकले दिएको जानकारी अनुसार विगतका वर्षहरुमा संघीय तहमा मात्र आयोजना गरिएको कार्यक्रमहरु यो वर्ष तीनै तहमा आयोजना गरिएको छ । अभियानमा आवद्ध संस्थाहरुले खाद्य दिवसको अवसर पारेर विभिन्न संघ, संस्थाहरुले संघ, प्रदेश र स्थानीय तहमा र्‍याली, गोष्ठी र रैथाने साँझ सञ्चालन गरिने भएको हो । तीनै तहमा कृषि, खाना, र खेतीपातीसँग सम्बन्धित रहेर कार्यक्रम गर्ने योजना रहेको छ ।

कार्यक्रममा पत्रकारहरुले उठाएको खाना र खेतिपातीको सवालको उत्तर दिँदै खाद्यका लागि कृषि अभियानका अभियन्ता कृष्णप्रसाद पौडेलले देशमा सिमित खाद्यान्नको उत्पादन वढेको देखिएता पनि समग्र कृषि उपजको उत्पादन घट्दै गहिरहेको देखिन्छ । पौडेलले नेपाल जस्तो देशले तत्कालै कृषिमा आधारित अर्थतन्त्रको जग बलियो नबनाई यसको उन्नतिको आधार तयार नहुने बताउनु भयो । मिति २०७९ साल असोज ८ गते शनिवारको दिन नारायणगढ ( पुल्चोक) देखि चौविसकोटिसम्म हुने प्रभातफेरीमा सहभागी हुन र खाद्यका लागि कृषि अभियानमा सारिक हुन अनुरोध पनि गर्नुभयो ।

# रोष्टरमा आउन आग्रह

काठमाडौं भाद्र २४ मधेश प्रदेश कृषि विश्व विद्यालय राजविराजले एक रोष्टरमा तयार गर्न वायोडाटा  माग गरेको छ ।

मधेश प्रदेशको सप्तरी जिल्ला राजविराजका उप-कुलपति डा.वैद्यनाथ महतोले रोष्टरमा सहभागी हुन आग्रह गरेको छ । कृषि क्षेत्रको उच्चस्तरको दक्ष शैक्षिक जनशक्ति उत्पादन, अध्ययन, अध्यापन तथा अनुसन्धान र सञ्चालन गर्ने २७ मंसीर २०७८ मा मधेश कृषि विश्व विद्यालय स्थापना भएको सहर्ष जानकारी गराउन चाहन्छु । विश्व विद्यालयले ४ वर्षे र ८ सेमेस्टार स्नातक डिग्री आरम्भ गर्ने लक्ष्य राखेको छ । यस विश्वविद्यालयले कृषि तथा पशुवस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरि खाद्य सुरक्षा, गरिवी न्यूनिकरण, जैविक विविधताको संरक्षण, ग्रामीण जनताको जीवकोपार्जनमा सुधार, मधेश प्रदेश तथा राष्ट्रको समृद्धि हासिल गर्नमा टेवा पुऱ्याउने छ ।

यस सन्दर्भमा विश्व विद्यालयले अध्यापन कार्यका लागि तल उल्लेखित विषयमा स्नातकोत्तर तथा सो भन्दा माथिको डिग्री भएको अनुभवी प्राध्यापक तथा वैज्ञानिकहरुको रोष्टर तयार गर्नको लागि इच्छुक प्राध्यापन तथा अनुसन्धान क्षेत्रमा लागेका विज्ञहरुसँग अध्यवधिक वायोडाटा उल्लेख गरिएको इमेलमा पठाई सहयोग गरि दिनुहुन हार्दिक अनुरोध छ । जसमा निम्न अनुसार विषयहरुको रोष्टरमा सहभागी हुन विज्ञाप्ति प्रकाशित गरि आगह्र गरिएको छ ।

Agronomy, Genetics and Plant Breeding, Agriculture Extension, Horticulture, Entomology, Plant Pathology, Soil Science, Agriculture Economics, Agriculture Engineering. Environment Science, Animals Science, Aquaculture, Biochemistry, Microbiology and Information Technology.

# सिन्धुलीमा स्कुल दूध दिवस सम्पन्न

निर्दोष तिमिल्सना

नेपाल डेरी एसोसिएसनले आज असोज ८ गतेबाट ७ औं विश्व स्कुल दुध दिवस मनाउन शुरु गऱ्यो । ७ गते औपचारिक रुपमा एसोसिएसनले देशव्यापी ५ दिनसम्म दिवस मनाउने भन्दै प्रेस रिलिज गरेको थियो । त्यसै अनुरुप ८ गते पहिलो दिनको कार्यक्रम



अन्तरगत काठमाडौंको शंखमुल स्थित दृश्य सहकारीको सहकार्यमा सहकारीको परिसरमा एक कार्यक्रम गर्दै ५ दिनसम्म मनाउन लागिएको ७ औं विश्व स्कुल दुध दिवस कार्यक्रममा बालबालिकालाई दूध सेवन गराई नेपाल डेरी एसोसिएसनका केन्द्रिय अध्यक्ष प्रल्हाद दाहालले औपचारिक उद्‌घाटन गर्नु भएको थियो ।

नेपाल डेरी एसोसिएसनले तेस्रो दिन सिन्धुलीमा डेरी उद्योगी, समाजसेवी नेपाल डेरी एसोसिएसनका सिन्धुली जिल्ला संयोजक श्री बलराम अधिकारीको सभापतित्वमा कमलामाई नगरपालिका प्रमूख उपेन्द्र कुमार पोखरेलको प्रमूख आतिथ्यतामा सातौं विश्व स्कुल दुध दिवस सिन्धुली विद्याश्रम अंग्रेजी माध्यामिक विद्यालयका विद्यार्थी भाईबहिनीहरुलाई प्रमुख अतिथिबाट दुधपान गराई कार्यक्रम गरियो । कार्यक्रममा विशिष्ट अतिथि नेपाल डेरी एसोसिएसनका केन्द्रिय अध्यक्ष प्रल्हाद दाहालको उपस्थितिमा स्कुलका बालबच्चाहरुलाई दुध खुवाउँदै कार्यक्रम अघि बढाईयो । कार्यक्रममा अतिथिहरु नेपाल डेरी एसोसिएसनका केन्द्रिय उपाध्यक्ष दिप प्रसाद धमला, केन्द्रिय सदस्य रविशरण थापा, ललितपुर कोषाध्यक्ष हुद्धराज तिमिल्सना, कमलामाई नगरपालिका पशु शाखा प्रमूख डा.रोशन कोईराला, सिन्धुली उद्योग वाणिज्य संघका महासचिव राम कुमार राजभण्डारी, भेटनरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रतिनिधि प्रकाश थापा, कृषि उपज बजार व्यवस्थापनका अध्यक्ष प्रयाग खतिवडा, डेरी उद्योगी व्यवसायीहरु, विद्यार्थीहरु लगायत सरोकारवाला निकायहरुको उपस्थितिमा नेपाल डेरी एसोसिएसन सिन्धुली जिल्ला समिति गठनका साथै सातौ विश्व स्कुल दुध दिवस भव्यताका साथ दुध तथा दुग्ध पदार्थ वितरण गरि मनाईयो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक श्री पोसक पौडेलले पहिले सिन्धुलीमा दूध तथा दुग्ध पदार्थ यस जिल्लामा प्रर्याप्त नभएकाले छिमेकी जिल्लाबाट ल्याउनु पर्ने वाध्यतालाई ताड्दै हाल यसै जिल्लामा दूध उत्पादन गरी प्रशोधन गरेर उपभोक्ताको घर-घरसम्म पुऱ्याउने काम भएकोमा सिन्धुली जिल्लाका दुग्ध उद्योगीलाई धन्यवाद प्रकट गर्दै यस क्षेत्रको संरक्षणमा प्रदेश, केन्द्र सरकार र स्थानीय तह नगरपालिका, वडा सबै सरोकार निकायले ध्यान दिनुपर्ने कुरा बताउनुभयो । नेपाल डेरी एसोसिएसनका अध्यक्ष प्रल्हाद दाहालले नेपाल डेरी एसोसिएसनको बारेमा प्रष्ट पार्दै संस्थाले डेरी उद्योगीहरुको हक हितमा काम गर्ने, एसोसिएसन सातै प्रदेशमा प्रादेशिक कार्यालय रहेको, कृषकहरुको पेशा सम्मानित पेशामा तुलना गर्नुपर्ने, विश्व स्कुल दुध दिवसको बारेमा नेपालमा मनाउन शुरु गरेको यस संस्था देश कै पहिलो र हालसम्म ७ पटक मनाईसकिएको र आजको दिन सिन्धुलीमा मनाउन पाउँदा खुशी व्यक्त गर्दै दुध तथा दुग्ध पदार्थ सेवन गर्नुपर्छ, बच्चाहरुको बुद्धि विकासमा दुधको प्रमूख भुमिका रहेको छ । प्रमुख अतिथि नगरपालिका प्रमुखले कार्यक्रमको उद्देश्य सान्दर्भिक रहेको र दूधको क्षेत्र आफ्नो लागि महत्व राख्ने विषय हो । यो कार्यक्रम राखेकोमा नेपाल डेरी एसोसिएसनलाई विशेष धन्यवाद प्रकट गर्नुभयो । सरकारले सहयोग गरेको खण्डमा कृषि पेशा नेपालमा उत्कृष्ट छ । अब छिट्टै हाम्रो देश दूध, मासु र अण्डामा आत्मनिर्भर हुन सक्ने बताउनु भयो । सिन्धुली जिल्ला पशुपालन गरी दूधमा आत्मनिर्भर बनाउनका लागि नगरपालिका सधैं तयार रहेको बताउनुभयो । साथै सम्पूर्ण अतिथिहरुबाट सिन्धुली जिल्ला भेलाबाट चुनिने कार्य समिति सक्षम, सवल र उत्कृष्ट कमिटि बनोस् र दुग्ध क्षेत्रको विकासमा लाग्न सक्ने कमिटि आउने अपेक्षा सहित सबैले शुभकामना व्यक्त गरे ।

दोस्रो चरणको कार्यक्रममा नेपाल डेरी एसोसिएसनका केन्द्रिय अध्यक्ष प्रल्हाद दाहालको प्रमुख आतिथ्यतामा सिन्धुली जिल्लामा दुग्ध उद्योग स्थापना गरी सेवा गर्दै आउनु भएका डेरी उद्यमीहरुको भेलाबाट निम्न उल्लेखित ९ सदस्यीय समिति गठन गरिएको छ । समितिमा अध्यक्ष बलराम अधिकारी, उपाध्यक्ष लिला बहादुर मगर, सचिव देवकुमारी कार्की, कोषाध्यक्ष उषा ढकाल र सदस्यहरुमा गणेश बहादुर थापा, प्रयागराज खतिवडा, मानबहादुर खत्री, कृष्णजी वि.क र दलुराम गौतम चयन हुनुभयो । नयाँ चयन भएका पदाधिकारी एवं सदस्यहरुले नेपाल डेरी एसोसिएसनको निर्देशनमा दुग्ध क्षेत्र विकासमा टेवा पुग्ने काम गर्ने र सिन्धुली जिल्ला एक नमुना जिल्ला बन्ने कुरा बताउँदै नयाँ चयन सम्पूर्ण कार्य समितिको सफल कार्यकालको शुभकामना ब्यक्त गर्दै आउने दिनमा सदा एसोसिएसनको सहयोग रहने कुरा उपाध्यक्ष दिप प्रसाद धमलाले बताउनु भयो । कार्यक्रमको अन्त्यमा अध्यक्ष दाहालले नव निर्वाचित समितिलाई प्रमाणपत्र वितरण गर्दै जिम्मेवार भएर काम गर्न सफत समेत गराउनु भयो । नवनिर्वाचित अध्यक्ष बलराम अधिकारीले आफू केन्द्रसँग सधैं जिम्मेवार रहने र सिन्धुली जिल्लाको दुग्ध पेशाको हक हितमा सदा लाग्ने प्रतिवद्धता व्यक्त गर्दै कार्यक्रम समापन गरेका थिए ।

# मनाउँदै ७ औं विश्व स्कुल दुध दिवस



नेपाल डेरी एसोसिएसनले असोज ८ गतेबाट ७ औं विश्व स्कुल दुध दिवस मनाउन शुरु गरेको छ। असोज ७ गतेबाट शुरु भएको विभिन्न कार्यक्रमको दोस्रो दिन औपचारिक रुपमा एसोसिएसनले देश व्यापि ५ दिनसम्म दिवस मनाउने प्रेसित प्रेस विज्ञाप्तिमा जनाए लगतै असोज ८ गते पहिलो कार्यक्रम अन्तरगत काठमाडौंको शंखमुल स्थित दृश्य सहकारीको सहकार्यमा सहकारीको परिसरमा एक कार्यक्रम गर्दै ५ दिनसम्म मनाउन लागिएको ७ औं स्कुल दुध दिवसको बालबालिकालाई दुध सेवन गराई मनाइएको छ।

उक्त अवसरमा नेपाल डेरी एसोसिएसनका केन्द्रिय अध्यक्ष प्रल्हाद दाहालले औपचारिक उद्घाटन गर्दै विश्व स्कुल दुध दिवस सन् २००० मा विश्व खाद्य संगठनले औपचारिक रुपमा शुरु गरेको बताए। यो प्रत्येक वर्ष सेप्टेम्बर महिनाको अन्तिम बुधबार विश्वभर एकै दिन मनाइन्छ। विश्वका ३० वटा देशले एकै दिन कार्यक्रम गरि शुरु हुने कार्यक्रममा यस वर्ष विश्वमा २२औं र नेपालमा सातौं विश्व दिवसको रुपमा भव्यताका साथ मनाउन लागिएको बताए।

यो दिन संसारभर कतै पनि बिदा पर्दैन र सबै ठाउँमा स्कुल सञ्चालनमा रहेको हुन्छ। दुधमा शरीरलाई आवश्यक सबै पौष्टिक तत्व पाइने भएकोले बालबालिकालाई अनिवार्य सेवन गराउनु पर्ने र यसको विशेष पहल विद्यालयबाट मात्र हुन सक्ने भएकोले पनि स्कुल दुध दिवस मनाउन थालिएको हो। यसरी विद्यालयमा विद्यार्थीलाई दुध तथा दुग्ध पदार्थको जानकारी गराउँदा पक्कै पनि बालबालिकालाई फाइदा हुने कुरा अध्यक्ष दाहालले बताउनु भयो।

नेपाल डेरी एसोसिएसनका उपाध्यक्ष दिप प्रसाद धमला, मनोज कुमार घिमिरे, सहकोषाध्यक्ष रामभक्त दाहाल, केन्द्रिय सदस्य रमेश सञ्जेल, नवराज तिमल्सिना, बागमती प्रदेश अध्यक्ष टिका प्रसाद घिमिरे, उपाध्यक्ष गोपाल तिमल्सिना, ध्रुव तिवारी, सचीव श्याम घिमिरे, कोषाध्यक्ष सुदर्शन घिमिरे, लुम्बिनी प्रदेशका अध्यक्ष थानेश्वर न्यौपाने, काठमाडौं अध्यक्ष अजित बजगाई, सचीव शिव प्रसाद तिमल्सिना (विदुर) सदस्य चेतनाथ दाहाल (केदार) काभ्रे अध्यक्ष रविन्द्र हुमागाईं, ललितपुर पशु विज्ञ केन्द्रका अधिकृत कृष्ण कार्की, विद्यालयको संगठन एन प्याब्सन उपाध्यक्ष प्रवोध प्रभाकर रिजाल, पुर्व वरिष्ठ उपाध्यक्ष सुर्य बहादुर अधिकारी, ललितपुर महानगरपालिकाकी पुर्व उपमेयर गिता सत्याल, वरिष्ठ सहकारी कर्मी मुकुन्द प्रसाद दाहाल, दृश्य सहकारीका सञ्चालक बद्री प्रसाद ढकाल, लेखा संयोजक राजेश चालिसे, सदस्य हुद्रराज तिमल्सिना, विन्दा दाहाल, सरस्वती घिमिरे, दिपक सञ्जेल लगायतको विशेष उपस्तिथि रहेको थियो।

उक्त कार्यक्रममा बोल्दै एसोसिएसनका उपाध्यक्ष मनोज घिमिरेले विभिन्न स्थानमा ५ दिनसम्म मनाउने कार्यक्रममा असोज ९ गते सिन्धुलीको कमलामाई नगरपालिकामा रहेको कमलामाई पार्टि प्यालेसमा दूग्ध किसान, व्यवसायी एवं उद्योगीहरुको करिब १०० जनाको उपस्थितिमा विभिन्न विद्यालयका २०० जना विद्यार्थी एवं सरोकारवाला निकायहरुको उपस्थित भई दुध तथा दुग्ध पदार्थ वितरण गरि मनाईने बताउनु भयो।

बागमती प्रदेशका अध्यक्ष टिका प्रसाद घिमिरेले असोज १० गते रोटरी क्लब अफ कपनसँग सहकार्य गरि बागमती प्रदेशले सबै दुग्ध व्यवसायी, किसान लगायत सरोकारवाला निकायहरुको उपस्थिति गराई विभिन्न कार्यक्रमहरु गरि दुध तथा दुग्ध पदार्थ सेवनका लागि सबैको चासो हुनु पर्ने र दुध तथा दुग्ध पदार्थ सेवन गर्दा हुने फाइदा र विभिन्न किसिमका रोगहरुबाट बच्न सकिने कुराहरुको जानकारी दिई मनाईने कार्यक्रम रहेको विज्ञाप्तिमा जनाएको छ।

एशोसिएसनका उपाध्यक्ष दिप प्रसाद धमलाले असोज ११ गते प्रदेश, जिल्ला र अन्य क्षेत्रहरुमा दुधको महत्व सहित सबै सरोकारवाला निकायहरुको उपस्थितिमा स्कुलहरुसँग सहकार्य गरि विभिन्न कार्यक्रम गर्ने र सबै दुध व्यवसायी, किसान र उद्योगीहरुको पहलमा कार्यक्रम हुने, असोज १२ गते अन्तिम दिन विश्व स्कुल दुध दिवसका दिन सबै सरोकारवाला निकायहरुलाई समावेश गरि नेपाल डेरी एसोसिएसनले राष्ट्रिय दुग्ध विकास बोर्डको सहयोग एवं एसोसिएसनको आयोजनामा काठमाडौंको सेन्ट जर्ज इन्टरनेशनल स्कुल धुम्बाराही र त्रिरत्न मा.वि डल्लुमा दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक डा.राजेन्द्र प्रसाद यादवको प्रमुख आतिथ्यतामा उद्योगी, किसान एवं स्कुलका विद्याथीहरु बिच ३०० जनालाई दुध तथा दुग्ध पदार्थ वितरण गरि मनाउने कार्यक्रम रहेको बताउनु भयो। कार्यक्रममा एन प्याब्सनका उपाध्यक्ष रिजाल, पुर्व वरिष्ठ उपाध्यक्ष अधिकारी, सहकारी विज्ञ दाहालले दूध र बालबालिका बारे चर्चा परिचर्चा गर्नु भएको थियो।

एसोसिएसनका केन्द्रिय सदस्य रमेश सञ्जेलले धन्यवाद ज्ञापन सहित मानिसका आहार मात्र नभई। दुधको महत्व जन्मेदेखि मर्दासम्म बराबर रहेको छ बताउनु भयो।

# कृषि, जलवायू परिवर्तन बारे, कोप २७ मा उठाउनु पर्ने विषय

धनबहादुर मगर

काठमाडौं असोज ९ राष्ट्रिय भुमि अधिकार मञ्चको आयोजनामा कृषिमा जलवायू परिवर्तनको असर न्यूनिकरण एवं अनुकूलनका लागि युवा तथा पारिवारिक किसान सवाल राष्ट्रिय परामर्श कार्यक्रम राजधानीमा सम्पन्न भएको भएको छ ।



कार्यक्रमको गर्नुको उद्देश्य कोप २७ औं सन्दर्भमा कृषिमा जलवायू परिवर्तनको असर न्यूनिकरण र अनुकुलनका लागि युवा र पारिवारिक खेती गर्ने किसानहरुका अनुभव आदान प्रदान सवालहरु उठान गर्ने ।

युवा र पारिवारिक किसानको सवालमा सरकारी नीति कार्यक्रमहरुमा छलफल गरि जलवायु परिवर्तन सम्बन्धी राष्ट्र संघीय महासन्धिबारे छलफल हुने कोप २७ विश्व सम्मेलनमा युवा र पारिवारिक किसानहरुको सवालमा सहकार्यका क्षेत्रहरु वकालतीय अवसरहरु पहिचान गर्ने ।

नेपालमा पारिवारिक किसानहरुको महत्व, कृषिमा जलवायू परिवर्तनका असरहरुको न्यूनिकरण र अनुकुलनमा युवा तथा पारिवारक किसानहरुको योगदान र उनीहरुको मुख्य सवालहरु ।

कृषिमा जलवायु परिवर्तनको असर न्यूनिकरण र अनुकूलन गर्न युवा र पारिवारिक खेती गर्ने किसानहरुका लागि नेपाल सरकारको नीति कार्यक्रम र कोप २७ विश्व सम्मेलनमा पारिवारिक खती गर्न र युवा किसानहरुको पक्षमा सरकारको एजेण्डा नीति कार्यक्रमहरु विषय अरुण प्रकाश भट्ट उप-सविच नेपाल सरकार वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय भूमि सञ्जाल राष्ट्रिय संयोजक धर्मराज जोशीले कोप २७ को सन्दर्भमा युवा र पारिवारिक किसानहरुको सवालमा सहकार्य तथा वकालतिय सवालहरु नेपाल सरकारले उठाउनु पर्ने एजेण्डाहरुको बारे ।

परामर्श कार्यक्रममा नेपालमा कार्वन उत्सर्जनमा थोरै योगदान राष्ट्र भएकाले लक्ष्यमा  घटाउने प्राथमिक एजेण्डा हो । जलवायू परिवर्तनको लागि फोहोर मैला व्यवस्थापन वन व्यवस्थापन फोहोर मैला व्यवस्थापनबाट कार्वन उत्सर्जन गरिएको छ । सबभन्दा ठूलो मुद्दा नेपालको लागि छ । नेपालले माउन्टैन एजेण्डामा इभिडेन्ट वेस जानु पर्छ । सगरमाथा सम्वाद लस एण्ड ड्यामेज, अलग-अलग आर्थिक चाहियो भन्ने कुरा उठाउनु पर्छ ।

२८.४, अर्थात ६० मिलियन डलर चाहिन्छ । माटोलाई कामै नलाग्ने गरि विगारिदैन । हामी विर्सजनको थोरै गर्ने राष्ट्र भएकाले एनविसीका लक्ष्य मिटिगेशन हाम्रो प्राथमिक एजेण्डा नै हुनेछ । महिला, आदिवासी जनजातिकोको मुद्दा उठाउनु पर्छ । जलवायू परिवर्तन, कृषिको सवाल अझ खाना किसानको तहमा उठाउनु पर्छ । कृषि मन्त्रालयले कोप २७ मा के उठाउनु पर्छ । नखाएको विषय लाग्ने । नगन्य योगदान छ । साना राष्ट्रले पनि यो दान गर्नु पर्छ ।

जलवायू अभियन्ता उमेश वराल मगरले एग्रो फोरेष्ट्रीमा राम्रो काम भएपनि गाईवस्तु पाल्ने घटेको छ । स्थानीय निकायले वन, कृषियोग्य जमीन छुट्याउन, नक्सा बनाई पठाईसकेको छ । लागु गरेको छैन ।

लस एण्ड ड्यामेज प्रस्ताव पास भएर लाफा बनाउने भनेको थियो । भ्यालु चेनमा कसरी सहभागी गराउने भन्ने कुराम। जोड दिनुपर्छ । क्लाइमेट जस्टिसको हिसाबले हस्ताक्षर गर्नु हुँदैन । २०० प्रतिशत पेट्रोल उपयोग गर्छौं । राट्रिय कफी विकास बोर्डका प्रतिनिधी तायना राईले बाँझो जमीनमा कफी लगाउने कार्यक्रम ल्याएका बताइन् । चक्लावन्दी पद्धतिमा ५० रोपनी जमीनमा ५० प्रतिशत अनुदानमा लगाउने सहयोग गर्ने हो । सामुदायिक वनमा कफी लगाउन सकिन्छ । जति कफी उत्पादन गर्नुपर्ने थियो । गर्न सकेको छैन । विदेश बसेर आएका युवाहरुको इन्टरेष्ट छ । यस्तो मुद्दाहरु स्थानीय सरकार मार्फत उठाउनु पर्छ ।

राष्ट्रिय भुमि अधिकार राष्ट्रिय सञ्जालका संयोजक धर्मराज जोशीले क्षेतिपूर्तिको लागि बढी महत्व दिएर उठाउनु पर्छ ।

जलवायू परिवर्तनमा पुऱ्याएको क्षतिमा गम्भीर हुने पर्ने र नेपाल सरकार साह्रै उद्धार भएर सन्धीहरुमा सजिल्यैसँग हस्ताक्षर गर्न विचार पुयाउँनु पर्ने । सरकारले ऋणको कुरा, नेपालले गरेको असल अभ्यासको बारेमा जानकारी गराउन भन्ने कुरामा जोड दिनुपर्छ ।

कृषि तथा वातावरण विज्ञ हर्क बहादुर तामाङले आफ्नो विषय कृषि र सहकारी सम्बन्धित भएकाले चिया ५०/१०० वर्षसम्म टिक्ने भएकाले अलैंची किवि कफी उच्चमुल्यका कृषि वस्तु उत्पादन गर्नु पर्ने र रायानिक औषधी न्यूनिकरण गर्ने विचार व्यक्त गरेका थिए । चियामा समेत अधिक रसायनिक औषधी प्र्योग गरिन्थ्यो । झार रोक्न हर्विसाइडको प्रयोगलाई न्यूनिकरण गर्ने सकिने राय सल्लाह दिएका थिए ।

सहभागी कृषि, जलवायू, भूमि विज्ञबाट महत्वपूर्ण सुझावहरु प्रस्तुत गरेका थिए ।

# फापर खेती प्रविधि



**परिचय :**

हालसम्म पहाड तथा तराईका किसानहरूले स्थानीय जातको फापर खेती गर्दै आएको पाइन्छ। नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत विभिन्न अनुसन्धान केन्द्रहरू तथा किसानहरूको खेतबारीमा समन्वयत्मक परीक्षणबाट प्राप्त नतिजा अनुसार पहाडीबाली अनुसन्धान कार्यक्रम, काब्रे, दोलखाले उन्मोचनको लागि प्रस्तावना पेश गरि राष्ट्रिय बिउ बिजन उन्मोचन समितिले २०७२ सालमा मिठे फापर-१ नामको फापरको जात सिफारिस गरेको थियो।

**जातीय पहिचान तथा विशेषताहरू :**

यो जातको डाँठ रातो, पातको भेट्नो हरियो रातो, फूलको रङ सेतो, दानाको रङ कालो/खैरो, दानाको आकार त्रिकोणात्मक र एउटा बोटमा २/३ ओटा मुख्य हाँगा लाग्ने गर्दछ भने एउटा फूलको झुप्पामा ४-१० वटासम्म दाना लाग्दछन्।

विभिन्न स्थान र समयमा गरिएको अनुसन्धान अनुसार यो फापरको जातको बोटको औसत उचाई ८० से.मी. रहेको छ भने ५५-८७ दिन भित्र पाकेको पाईन्छ। यो जातले अन्य स्थानीय जातको तुलनामा पाउडरी र डाउनी मिल्ड्य रोग पनि सहन सक्ने देखिएको छ।

यो जात छिटो पाक्ने, बढी उत्पादन दिने खानलाई मिठो, मलजलसँग राम्रो प्रतिक्रिया दिने तथा नढल्ने हुनाले लोकप्रिय भएको छ।

**सिफारिस क्षेत्र :**

यो जात समुन्द्र सतहको ९००-१७०० मी. उचाईसम्म खेती गर्न सिफारिस गरिएको छ। तापनि हिउँदको समयमा तराई तथा भित्री मधेसमा पनि खेती गर्न सकिन्छ।

**हावापानी :**

यो जातको फापरलाई तुलनात्मक रूपमा अलि बढी न्यानो तापक्रम आवश्यक पर्दछ। यसको बिउ उम्रनका लागि कम्तीमा पनि ६-८ डे.से. तापक्रम चाहिन्छ, तर राम्रो वृद्धि र विकासका लागि १६०-२२ से. तापक्रम उपयुक्त मानिन्छ।

**मिठे फापर-१ को पौष्टिक गुणहरू :**

जात कार्बोहाइड्रेट (%) प्रोटिन(%) जम्मा खरानी(%) चिल्लो (%) जम्मा फाईवर (%) क्याल्सियम (%) फस्फोरस(%) फलाम (%) पिठो (%) मिठे फापर-१

७३, ९.४२, १४.२४, २.६, १.३, ०.०३, ०.३, ०.०१, ७.७१

यसको सफल खेतीको लागि १६०-३५ डे.से. सम्मको तापक्रम उपयुक्त मानिए तापनि उचित वानस्पतिक वृद्धिका लागि १७-२० डे.से. सम्मको तापक्रम र ७०-८०% सापेक्षिक आद्रताको आवश्यकता पर्छ। यसको वृद्धि विकासको क्रममा तुषारो र २०० से. भन्दा कम तापक्रम निकै हानिकारक मानिन्छ।

फूल फुल्ने अवस्थामा तातो हावा चलेमा वा हावाको तापक्रम बढी भएमा र माटोमा चिस्यानको मात्रा कम भएमा उत्पादनमा ह्रास आउँदछ। यसको सफल खेतीका लागि कम्तीमा पनि औसत वार्षिक वर्षा १०० मि.लि. लिटर हुनुपर्दछ।

**माटो :**

यस जातको फापरलाई बिभिन्न किसिमको उर्वरा क्षमता भएको माटोमा खेती गर्न सकिन्छ। तर पनि हल्का बलौटे र पानीको राम्रो निकास भएको बलौटे दोमट माटो उपयुक्त मानिन्छ। धेरै बजनदार, चिम्ट्याईलो, पानी जम्ने माटोमा यसको खेती राम्रोसँग गर्न सकिदैन।

यो जातको ५-६ पी.एच. भएको माटो उपयुक्त मानिन्छ। बढी उर्वरता भएको माटोमा फापरको बोट ढल्ने समस्या हुन्छ भने बढी चिम्टाइलो माटोमा एकनासले बिउ उम्रन नसकी बिरुवाको घनत्व कम हुन्छ। भर्खरै मात्र फडान गरिएको जग्गा, पानीको निकास गरिएको खेत, प्राङ्गारिक पदार्थको मात्रा धेरै भएको माटोमा पनि यसको सफलतापूर्वक खेती गर्न सकिन्छ।

**बिउ :**

यो जातबाट राम्रो उत्पादन लिनको लागि राम्रो र स्वस्थ बिउको छनोट गर्नु पर्दछ। त्यसैले बिउको छनोट गर्दा ठलो, पोटीलो, किराले नखाएको, रोगको दाग नभएको, अन्य झारपातको बिउ र बेजातको बिउ नमिसिएको र ८०% भन्दा बढी उमारशक्ति भएको बिउ छान्नुपर्दछ।

**बाली चक्र :**

जि फुपर-१ हाम्रो देशको विभिन्न भौगोलिक क्षेत्रमा फापरमा आधारित विभिन्न बाली प्रणाली अपनाइएको छ। जुन यस प्रकार छन्।

मध्य-पहाड, धान-फापर, मकै-फापर-खाली, फापर-कोदो, धान-फापर-खाली, मकै-भटमास-फापर, मकै-भटमास-फापर-तोरी, मकै-कोदो-फापर

**तराई/भित्री :**

मधेश धान-फापर-खाली वा मकै (धान खेतमा) मकै-फापर-खाली वा तोरी (बारीमा) मकै-फापर-तोरी-तरकारी (बारीमा) जमीनको तयारी फापरको बिउ एकनासले उम्रन र बोटको उपयुक्त घनत्व कायम गर्न जमीनको तयारी राम्रोसँग गर्नुपर्दछ।

धान खेतमा धान काट्नासाथ र बारीमा मकै भाँच्नासाथ एक पटक वा बढीमा दुई पटक राम्ररी हलो वा ट्याक्टरले जोतेर डल्ला फोरी झारपातहरूलाई हटाई जमीनको तैयारी गर्न पर्दछ। माटालाई धेरै मसिनो र मिहिन बनाउन जरुरी हुँदैन। जमीन तयार गर्दा पानीको राम्रो निकास हुने प्रबन्ध गर्नुपर्दछ।

**मलखादको व्यवस्थापन :**

अन्य बोटबिरुवालाई जस्तै फापर बालीलाई पनि मलखादको जरुरत पर्दछ। मलखादको

मात्रा माटोको प्रकार, उर्वर शक्ति, फापरको जात, सिँचाइको स्विधा, बालीचक्र, बाली लगाउने समय, मल प्रयोग गर्ने तरिका आदिमा भर पर्दछ ।

हाम्रो देशका विभिन्न स्थानमा गरिएको परीक्षणहरूको नतिजा अनुसार साधारणतया ३.२६ कि.ग्रा. डीएपी र २ कि.ग्रा. युरिया प्रति रोपनीका दरले सिफारिस गरिएको छ । यीमध्ये डिएपीको पुरै मात्रा र युरियाको आधा मात्रा मल जमीनको अन्तिम तयारी वा बिउ छर्नु भन्दा पहिले प्रयोग गर्नुपर्दछ र एरियाको बाँकी आधा मात्रा छरेको एक महिनापछि मात्र प्रयोग गर्नुपर्दछ ।

प्राङ्गारिक मलको हकमा यदि माटोमा यसको मात्रा अत्यन्त न्यून छ र अघिल्लो बालीको लागि प्रयोग गरिएको छैन भने २०-२५ डोका प्रतिरोपनीका दरले जमीन तयार गर्नुभन्दा कम्तिमा पनि १५-२० दिन पहिले माटोमा मिलाउनु पर्दछ । अत्यन्त उर्वरता भएको माटोमा फापर ढल्ने सम्भावना भएको हुँदा माटोमा पोषक तत्वका आवश्यकता हेरी मलखादको व्यवस्थापन गर्नु आवश्यक हुन्छ ।



**बाली लगाउने समय :**

बाली लगाउने उचित समय छान्न सक्नु उत्पादन बढाउने सरल, सुलभ/सस्तो र भरपर्दो माध्यम मानिन्छ । देशका विभिन्न स्थान विशेष, हावापानी र बालीचक्र विविधतासँगै विभिन्न समयलाई फापर खेतीका लागि उपयुक्त मानिन्छ ।

यो जात पहाडी क्षेत्रको लागि सिफारिस गरिए पनि हिउँदको समयमा तराई तथा भित्री मधेसमा पनि खेती गर्न सकिन्छ । उच्च पहाड (खोच वेंसी): वैशाख-जेष्ठ मध्य पहाडः भाद्र-आश्विन तराई तथा भित्री मधेशः कात्तिकको पहिलो हप्ता-मंसीर बिउको मात्रा प्रति एकाई क्षेत्रफलमा फापरको बोटको संख्या उचित भएमा राम्रो उत्पादन हुने हुँदा गुणस्तरीय बिउको उचित मात्रा हुन आवश्यक छ ।

बिउको मात्रा :

बिउको आकार, जात, छर्ने समय, छर्ने तरिका, माटोमा चिस्यानको मात्रा साथै बिउको शुद्धता, उमारशक्ति, जीवितपन आदि कुरामा भर पर्ने भए तापनि साधारणतया प्रति रोपनी २-२.५ के.जी. का दरले बिउको आवश्यकता पर्दछ ।

**बाली लगाउने तरिका :**

यस जातको फापरलाई नेपालमा प्रायजसो छरेर लगाइने गरे तापनि ४-५ से.मी. गहिरो, २५ से.मी. फरकमा लाइन बनाई लगाएमा बढी उत्पादन लिन सकिन्छ ।

यसरी लाइन बनाउँदा उत्तर दक्षिण बनाउनु राम्रो मानिन्छ । एक बोटदेखि अर्को बोटको दूरी ५ से. मी. कायम गर्नुपर्दछ ।

सिँचाई :

साधारणतया : फापर असिञ्चित जग्गामा लगाइने हुँदा सिँचाइको आवश्यकता पर्दैन । तर पनि फूल खेल्ने र दाना लाग्ने समयमा सिँचाई गरेमा बढी उत्पादन लिन सकिन्छ ।

**झारपात नियन्त्रण :**

सीमान्त भूमिमा खेती गरिनुका साथै फापर छिटो र हलक्क बढेर झारपात कम हुने हुँदा अहिलेसम्म कुनै पनि झारपात नियन्त्रण गर्नका लागि रासायनिक विषादी सिफारिस गरिएको छैन ।

त्यसैले फापर खेतीमा झारपातको असर कम गर्नको लागि फापरलाई झारपात नभएको मिहिन माटोमा छर्न पर्दछ साथै बिउलाई छर्दा चिस्यान भएको गहिराईसम्म पऱ्याउनु पर्दछ जसले गर्दा राम्ररी उम्रने, छिटो बढ्ने र जमीनको सतह छोप्ने हुँदा झारपात कम आउँदछ ।

**बाली संरक्षण :**

यस जातमा रोग र किराहरूको आक्रमण अत्यन्त न्यून् हुने गर्दछ तर नेपाल लगायत विभिन्न देशमा गरिएको अनुसन्धानहरूमा विभिन्न रोग र किराको आक्रमण हुने गरेको कुरा प्रमाणित भएको छ ।

नेपालमा फापरमा लाग्ने प्रमुख किराहरूमा लाही, खुने, फौजी किरा, थ्रिप्स, झुसिलकिरा, फट्याग्रा मुख्य हुन् भने प्रमुख रोगहरूमा पाउडरी मिल्ड्य, डाउनी मिल्ड्य, पात डढ्वा, जरा कुहिने आदि हुन् तर यसको प्रकोपले उत्पादनमा खासै ह्रास भएको नपाइएको हुँदा कुनै पनि विषादी प्रयोग गर्ने गरिएको छैन । बाली काट्ने र चुट्ने स्थानविशेष अनुसार बिउ छरेको ७०-१०० दिनभित्र फापर बाली तयार हुन्छ । यसको ७५% दानाहरू कालो वा खैरो रङमा परिणत भई तलबाट पातहरू क्रमशः सुकेर झर्न थालेपछि बाली काट्न उपयुक्त मानिन्छ ।

फापरलाई जमीनको सतह नजिक ३-४ इन्च छोडेर हँसियाले काट्ने र त्यसलाई पातलो हुनेगरी बारीमा नै करिब २-३ दिनसम्म सुकाउनुपर्छ त्यसपछि मुठा बनाएर खलियाँनमा ल्याई लट्ठीले चुटी दानालाई बोटबाट छुट्याउनु पर्दछ । फापरलाई काट्दा सकेसम्म बिहानीपख काटेमा दाना झर्नबाट रोक्न सकिन्छ ।

**उत्पादन :**

हालसम्मको परीक्षणको नतिजा अनुसार यसको औसत उत्पादकत्व १२३० कि.ग्रा. प्रति हेक्टर रहेको छ ।

**भण्डारण :**

फापरको भण्डारण क्षमता अन्य बालीको तुलनामा कम हुन्छ । भण्डारण गर्नको लागि तापक्रम ५० डे.से. सापेक्षिक आर्द्रता ४०% र बिउको चिस्यान मात्रा १६% भएमा यसलाई दुई वर्षसम्म भण्डारण गर्न सकिन्छ ।

**बजार :**

मानिसहरूको स्वास्थ्यप्रति बढ्दो चासो र अन्य अन्नहरूको बढ्दो मूल्यले गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा यसको माग दिन प्रतिदिन बढ्दो छ । जापान सबैभन्दा बढि फापर आयात गर्ने देशमा पर्दछ ।

जसले फापरलाई सोया नुडल्सको लागि कच्चा पर्दाथको रूपमा प्रयोग गर्दछ । हाम्रो देशमा पनि यसको व्यवसायिक रूपमा खेती गरेमा वैदेशिक मद्राको आयस्रोत बन्ने प्रचुर सम्भावना देखिन्छ ।

स्रोत : *राष्ट्रिय कृषि प्रविधि सूचना केन्द्र, (नार्क)*

# चाडपर्वमा दूध अभाव हुन नदिन आग्रह

अभाव हुन सक्ने काठमाडौं भाद्र २४ डेरी उद्योग संघका अध्यक्ष राजकुमार दाहालले



एक प्रेस विज्ञाप्ति जारी गरि कृषि विकास मन्त्रालयलाई ध्यानाकर्षण गरिएको छ।

ध्यानाकर्षणको विगत केही वर्ष अघि फ्लू सिजनमा बजारको माग भन्दा बढी हुन आउने दूधबाट सरकारी दुग्ध विकास संस्थान लगायत निजी डेरी उद्योगहरुले लिने सिजनलाई कृषकस्तरमा कच्चा दूध कम उत्पादन हुने याम, आवश्यक हुने धुलो दूध उत्पादन आफै खपत गरेका कारण मिल्क होलिडे समस्या पूर्ण रुपमा अन्त गएको र यसैलाई अवसरका रुपमा लिई धुलो दूध कारखानाहरुले उत्पादन क्षमता वृद्धि गर्नुको साथै नयाँ कारखानाहरु पनि खुल्दै गएकाले दूध कारखानाहरुले उत्पादन क्षमता वृद्धि गरिनुका साथै नयाँ कारखानाहरु पनि खुल्दै गएकाले किसानबाट वर्षको थप २ करोड लिटर जति उत्पादन वृद्धि गर्न सकेमा स्वदेशी उद्योग देशलाई आवश्यक हुने धुलो दूध, मख्खन जस्तो दुग्धजन्य पदार्थमा आत्मनिर्भर हुने सक्षम भैसकेको छ।

तर विगत दुईवर्ष लामो कोभिड महामारीले दाना, चोकर, पशु आहार आदिको अभावका कारण दूधको उत्पादन उल्लेख्य मात्रा हुन नसकेको र लिने सिजनमा आन्तरिक बजार धान्न भारतबाट औद्योगिक कच्चा पदार्थको रुपमा झोल दूध आयतिय गरि यहाँको डेरी उद्योग सञ्चालन गर्न पाउँ भनी कृषि तथा पशुपन्छी विकास मन्त्रालय पशु सेवा विभाग र राष्ट्रिय दुग्ध विकास बोर्डमा गत वर्षको कार्तिक देखि पटक-पटक ध्यानाकर्षण गराएका थियौं। यसै विषयमा अध्ययन गर्न मन्त्रालयबाट गठित समितिले पनि दैनिक १,२०,००० लिसम्म दैनिक कच्चा दूध अभाव भएको बजारमा निमित्त आपुर्ति गर्न भारतबाट केही समयका लागि झोल दूध ल्याउने उपयुक्त हुने सुझाव दिएर यसमा केन्द्रीय दूध सहकारी संघ लि, नेपाल डेरी एशोसिएसन, दुग्ध विकास संस्थान लगायतले ऐक्यवद्धता प्रकट गरेका थिए। लामो समय वितिसक्दा पनि यस विषयमा कुनै ठोस निर्णय हुन नसक्दा दुग्ध विकास संस्थान लगायतका कर भ्याट तिर्न संगठित निजी डेरी उद्योगहरुले लगभग ४९० प्रतिशतसम्म बिक्री वितरण कटौती गर्नु परेका र पनीर, घिउ, आइस्क्रिम जस्तो बढी राजश्व संकलन हुने दुग्धजन्य पदार्थको उत्पादन नै ठप्प गर्नु पर्ने स्थिति सिर्जना भएको छ।

यसरी मुख्य व्यापार हुने चाडपर्व एवं दशैं तिहारमा औद्यौगिक कच्चा पदार्थको अभावमा डेरी उद्योगनै बन्द गर्नुपर्ने स्थिति आएकाले केही समयको लागि तत्काल झोल दूध आयत गरि ल्याउन कच्चा दूधको अभाव अझ १-२ वर्षसम्म कायम रहने देखिएकाले दीर्घकालीन रुपमा दुधको उत्पादन बढाउने कार्यक्रम ल्याउन कृषि तथा पशुपन्छी विकास मन्त्रालय र पशुसेवा विभाग समक्ष जोडदार आग्रह गर्दछौं भनिएकोछ।

# आयात रोक्न मिल्दैन

लुम्बिनी प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालयले आयात रोक्न नमिल्ने जनाएको छ। "अहिले हामीले कुनै पनि वस्तु सिधै आयात रोक्न सक्दैनौं।" मन्त्रालयका सूचना अधिकारी सालिकराम गौतमले भने। रोग, प्रकोप, क्वारेन्टाइन नगरेका वस्तुहरुमात्र रोक्न सकिने छ। नभए सिधै हामीले आयातित वस्तु रोक्न नसकिने उनले बताए।



"नेपालले धेरै खाद्यन्नहरु आयात गरिरहेको छ। हामीले आयात रोक्दा धेरै कुरामा असर गर्ने देखिन्छ। एउटा वस्तुलाई उकास्न खोज्दा धेरै वस्तुमा समस्या पर्न सक्छ।" उनले भने। तर, नेपालमा धेरै उत्पादन हुँदा सानो तिनो समस्या देखिएर कम आयात गर्ने उपाय चाहिँ अपनाउन सक्ने उनको भनाई छ। नेपालको उत्पादनले मात्र नपुगेर नेपालले बाहिरी देशबाट केरा आयात गरिरहनु पर्ने अवस्था रहेको छ। उत्पादन भएपनि नेपालको महँगो र भारतको सस्तो पर्छ। यस्तो भइसकेपछि उपभोक्ताले सस्तो खोज्ने भए। उपभोक्ताले सस्तो खोज्दा व्यापारीहरूले भारतबाट आयात गर्ने भए। यस्तो समस्या रहेको उनले बताए। यसका साथै प्रदेश मन्त्रालयले केरा उत्पादन वृद्धिका लागि केरा ब्लक, पकेटको कार्यक्रम लागु गरेको पनि जानकारी दिए। केरा उत्पादन लागत धेरै छ। यस्तो अवस्थामा किसानलाई हामीले मल खादमा सहुलियत दिनु पर्ने हो। तर यो संघीय सरकारको काम हो। यी कुरामा सरकारले सहयोग गर्ने हो भने किसानको लागत कम हुन्थ्यो र केही सस्तो पर्न जान्थ्यो। केराको बजार व्यवस्थापनमा भने सरकार चुकेको उनले स्वीकार गरे। "यसमा हामीले ठुलो मात्रामा सहयोग गर्न सकेका छैनौं। यसका लागि हामीले प्रादेशिक कृषि विकास रणनीति बनाउँदै छौं। कृषि विकास रणनीतिमा केरा खेती गर्ने किसानलाई पनि हामी समेट्छौं। पछि यसले केही हदसम्म सहयोग गर्छ" उनले भने।" अहिले तत्कालका लागि यो विषयमा किसानहरूलाई सहयोग गर्न सक्दैनौं।" यो विषयमा प्रदेशले मात्र नभई संघीय तथा स्थानीय तहले पनि पहल गर्नु पर्ने देखिन्छ।

# बाल्यकालमा दशैंको अनुभव



**बुद्धिजीवी : मनोज श्रेष्ठ**

औंला भाँचेर बस्थ्यौं, तामाको फोंसीमा धान उसिनेर, हाँडीमा भुटेर, आँखा मिच्दै १२/१ बजे राति रिसाउँदै ढिकीमा चिउरा कुट्थ्यौं । औंला काटिएका चोट अझसम्म छन् । दशैंका लागि भनेर जोहो गरेर राखेको धान भकारीबाट निकालेर आँगनभरी बिस्कुन सुकाएर ढिकी मै कुट्थ्यौं । दशैंका लागि भनेर बेलैमा हजुरआमाले रातो भाले र आमाले राँगा जोहो गरेर राख्नुहुन्थ्यो, फूलपाती र नवमीका लागि कामी गाउँबाट रातो माटो खनेर ल्याउँथौं, घरको तल्लो भाग लिप्थ्यौं, पञ्चरबाटो मुनिको



धस्कने भिरबाट सकिनसकी कमेरो माटो ल्याउँथ्यौं; घरको गाह्रोको माथिल्लो भागमा पोत्थ्यौं र अलि टाढाबाट टल्केको, नटल्केको जाँच्थ्यौं । पैंयुको बोक्रा निकालेर पकाउँथ्यौं; कालो खोटो, अर्गानिक इनामेल रहेछ, बनाउँथ्यौं । झ्याल, ढोका र काठको भित्तामा लगाउँथ्यौं ।

